# विप्रेषणको प्रभावकारी उपयोग, बैशाख २०७६

## अध्ययन प्रतिवेदन

नेपालसरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार बोर्ड सचिवालय

जूना माथेमा

ज्येष्ठ २७ गते, २०७६

## विषय सूची

चार्ट सूची ........................................................................................iii

कार्यकारी सारांश........................................................................................v

भाग १: परिचय ........................................................................................1

१.१ उदेश्य ........................................................................................1

भाग २ : अध्ययनको विधि बारे विवरण ........................................................................................4

२.१ लक्षित वर्ग ........................................................................................4

२.२ नमूना, आकार र क्षेत्र ........................................................................................4

२.३ तथ्याङ्क संकलन प्रकृया ........................................................................................5

२.४ अध्ययनको सीमा ........................................................................................6

भाग ३ : अध्ययनको परिणाम ........................................................................................7

३.१ नमुनाको वर्ण ........................................................................................7

३.२ वैदेशिक रोजगारी ........................................................................................13

३.३ अन्तिम पटकको वैदेशिक रोजगारी बारे........................................................................................17

३.४ वैदेशिक रोजगारीमा हुँदा घर पठाएको विप्रेशन........................................................................................30

३.५ वैदेशिक रोजगारीमा हुँदा गरेका काम र सिकेका सीप........................................................................................33

३.६ वैदेशिक रोजगारीबाट फर्केपछि ........................................................................................36

३.७ वैदेशिक रोजगारीबाट फर्केपछि भएका जीवनस्तरमा भएका परिवर्तनहरु .......39

३.८ हालको अवस्था ........................................................................................43

३.९ निःशुल्क सीप परिक्षण........................................................................................54

निर्ष्कश........................................................................................55

अनुसुची १ः प्रश्नावली

## चार्ट सूची

**Figure 1:** अध्ययन गरिएका प्रदेश ..... 4
**Figure 2:** अध्ययन गरिएका जिल्ला ..... 5
**Figure 3:** गाउँपालिका र नगरपालिका ..... 5
**Figure 4:** उत्तरदाताको लिङ्ग ..... 7
**Figure 5:** उत्तरदाताको लिङ्ग र जिल्ला ..... 7
**Figure 6:** उत्तरदाताको उमेर ..... 8
**Figure 7:** उत्तरदाताको धर्म ..... 8
**Figure 8:** उत्तरदाताको वैवाहिक स्थिति ..... 9
**Figure 9:** उत्तरदाताको शैक्षिक योग्यता ..... 10
**Figure 10:** उत्तरदाताको शैक्षिक योग्यता र लिङ्ग ..... 10
**Figure 11:** उत्तरदाताको जात समुदाय ..... 11
**Figure 12:** उत्तरदाताको जात समुदाय र लिङ्ग ..... 11
**Figure 13:** उत्तरदाताको परिवार संख्या ..... 12
**Figure 14:** उत्तरदाताको परिवारमा कमाउने पेशामा संलग्न संख्या ..... 12
**Figure 15:** वैदेशिक रोजगारीको लागि गएको पटक ..... 13
**Figure 16:** अहिले सम्म गएका देशहरु ..... 13
**Figure 17:** अन्तिम पटक गएको देश ..... 14
**Figure 18:** अन्तिम पटक गएको देश र लिङ्ग ..... 14
**Figure 19:** अन्तिम पटक जाँदाको खर्च ..... 15
**Figure 20:** अन्तिम पटक जाँदाको खर्चका स्रोत ..... 15
**Figure 21:** अन्तिम पटक जानको लागि प्रमुख भुमिका ..... 16
**Figure 22:** अन्तिम पटक जाँदा बिताएको समय ..... 16
**Figure 23:** अन्तिम पटक जाँदा गरेको काम ..... 17
**Figure 24:** वैदेशिक रोजगारीमा जानुका प्रमुख कारणहरु ..... 18
**Figure 25:** वैदेशिक रोजगारीमा हुँदा गरेको खर्च ..... 19
**Figure 26:** विप्रेशन नेपालमा पठाउने समयको अन्तराल ..... 19
**Figure 27:** विप्रेशन नेपालमा पठाउँदा ..... Error! Bookmark not defined.
**Figure 28:** नेपालमा पठाइने विप्रेशनको रकम ..... 20
**Figure 29:** नेपालमा पठाइने विप्रेशनको रकम र देश ..... 20
**Figure 30:** पारिश्रमिकको कति भाग पठाउने ..... 21
**Figure 31:** नेपालमा पठाइने विप्रेशनको रकम पाउने व्यक्ति ..... 22
**Figure 32:** नेपालमा पठाइने विप्रेशनको रकम पाउने व्यक्ति र उत्तरदाताको बैवाहिक स्थिति ..... 22
**Figure 33:** नेपालमा पठाइने विप्रेशनको रकमको खर्चको निर्णय ..... 23
**Figure 34:** नेपालमा पठाइने विप्रेशनको माध्यम ..... 23
**Figure 35:** विप्रेशन पठाइने माध्यमको प्रयोगका कारणहरु ..... 24
**Figure 36:** विप्रेशन नेपालमा पठाउँदा भएका समस्याहरु ..... 24
**Figure 37:** विप्रेशन नेपालमा पठाउँदा सरकारसँग अपेक्षा ..... 25
**Figure 38:** विप्रेशन नेपालमा पठाउँदा सरकारले दिनु पर्ने सुबिधा ..... 27

**Figure 39:** विप्रेशन नेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरबाट पाएको सुबिधा........................................ 28
**Figure 40:** विप्रेशन नेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरले दिनु पर्ने सुबिधा ........................................ 29
**Figure 41:** घर पठाएको विप्रेशनबाट हुने प्रमुख खर्चहरु................................................................ 31
**Figure 42:** घर पठाएको रकमबाट किनेको जग्गा........................................................................ 32
**Figure 43:** वैदेशिक रोजगारी गरेका वा सिकेका काम.................................................................. 33
**Figure 44:** सिकेका सीप.................................................................................................. 35
**Figure 45:** घर लिएर आएको पारिश्रमिक ................................................................................ 36
**Figure 46:** पारिश्रमिक घर लिएर आएको माध्यम........................................................................ 36
**Figure 47:** लिएर आएको पारिश्रमिक बाट भएका प्रमुख खर्चहरु....................................................... 37
**Figure 48:** विदेशमा रहँदा हुने खर्चहरु र विदेश बाट फर्के पछि भएका खर्चहरु ....................................... 38
**Figure 49:** वैदेशिक रोजगारी बाट फर्केपछि जीवनस्तरमा भएका सकरात्मक परिवर्तनहरु ............................ 40
**Figure 50:** वैदेशिक रोजगारी बाट फर्केपछि जीवनस्तरमा भएका नकरात्मक परिवर्तनहरु ............................ 42
**Figure 51:** हाल गरिरहेका कामहरु ...................................................................................... 43
**Figure 52:** नयाँ व्यापार/व्यवसाय शुरु गर्ने सोच........................................................................ 44
**Figure 53:** सो क्षेत्र छनौट गर्नुका कारणहरु.............................................................................. 45
**Figure 54:** विदेश र स्वदेशको कमाई..................................................................................... 46
**Figure 55:** विदेश र स्वदेशको कमाई र अन्तिम पटक गएको देश ...................................................... 46
**Figure 56:** महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (व्यापार/व्यवसाय बारेको जानकारी)................................. 47
**Figure 57:** महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (ऋणमा पहूँच).......................................................... 47
**Figure 58:** महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (ट्रेनिङ/तालिम) ......................................................... 48
**Figure 59:** महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (प्राविधिक सहयोग)..................................................... 48
**Figure 60:** महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (सीप अनुसारको रोजगारीको अबसर मिलाई दिने संस्था)............ 49
**Figure 61:** महत्वपुर्ण लाग्ने बिषयहरु (समग्र)............................................................................ 49
**Figure 62:** महत्वपुर्ण लाग्ने बिषयहरुमा सन्तुष्टी (समग्र) ............................................................... 50
**Figure 63:** लगानी गर्न वा काम गर्न प्रोत्साहन गर्न सरकारले गर्नु पर्ने कार्यक्रम ...................................... 51
**Figure 64:** थप सुझावहरु.................................................................................................. 52
**Figure 65:** नि:शुल्क सीप परिक्षण बारे ज्ञान............................................................................... 54
**Figure 66:** नि:शुल्क सीप परिक्षण नगर्नुका कारणहरु..................................................................... 54

## कार्यकारी सारांश

नेपालको एक मुख्य जनसंख्या वैदेशिक रोजगारीमा आबद्ध छन् । विभिन्न कारणहरुले वैदेशिक रोजगारीमा गएका कामदारहरुले` पठाएको विप्रेषणको रकमले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याएको विश्वास जनमानस साथै विज्ञमा छ ৗ आर्थिक क्रियाकलापमा अवश्य नै ठूलो योगदान विप्रेषणको रहेका छ तर सो आर्थिक परिपेक्षमा प्रभाव, प्रतिनिधत्व र यर्थाथको विवरणजान्नु निकै महत्वपूर्ण छ । यहि विषयलाई ध्यानमा राखेर "विप्रेषणको प्रभावकारी उपयोग" अन्तर्गत यो अध्ययन प्रतिवेदन प्रस्तुत गरिको हो ।

यो अध्ययनको उद्देश्य वैदेशिक रोजगारीबाट देशमा भित्रिएको विप्रेषण र सो रकमको उपयोगिताको साथै फाइदा पुगेका क्षेत्रको बारेमा बुझ्न हो ।

सो सदर्न्भमा गरिएको अध्ययनको लक्षित वर्ग वैदेशिक रोजगारीमा गएर फर्किएका र फेरि विदेश नफर्किने मनस्थितिमा रहेका व्यक्तिहरु मात्र थिए । साथै नेपाल फर्केको ६ महिना कम्तीमा भइसकेको व्याक्तिहरुसँग यो अध्ययनगरिएको थियो ।

४ प्रदेशमा गरिएको यो अध्ययनमा, झापा, मोरङ, धनुषा, सिराहा, मकवानपुर, सिन्धुपाल्चोक र दाङ्ग गरी जम्मा ३५० जना उत्तरदातालाई लिएर गरिएको थियो । यी ३५० मा पनि ३०० जना अर्थात ८५.७ प्रतिशत पुरुष थिए भने ५० जना अर्थात १४.३ प्रतिशत मात्र महिला थिए ।

२० वर्ष देखि ५० वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेका यो अध्ययनमा २६-३० वर्षसम्मका व्यक्तिको संख्या सबैभन्दा बढी (९० जना उत्तरदाताहरु) थिए ।  तथ्याङ्क संकलन गर्ने क्रममा, हिन्दु, बुद्धिष्ट, मुस्लिम, ईसाइ र किराती गरी ५ वटा धर्म मान्ने व्यक्तिहरु समेटिएका थिए जसमा हिन्दुको संख्या सबैभन्दा बढी २६४ थियो ।

मुख्यतया विवाहित व्यक्तिहरु यो अध्ययनमा संलग्न देखिन्थे । जम्मा उत्तरदातामा कक्षा ८ पास हुनेहरु ८६ जना अर्थात् २४.६ प्रतिशत थिए भने कक्षा ५ पास हुनेहरु ७४ जना अर्थात् २१.१ प्रतिशत थिए । साथै टेस्ट पास गर्नेहरु र एस.एल.सी. पास गर्नेहरु मिलाएर ११६ जना थिए । पढ्न लेख्न नआउन जम्मा ११ जना थिए । यस अध्ययनमा उत्तरदाताहरु विभिन्न जात समुदायलाई प्रतिनिधित्व गरेका थिए । ती मध्ये पहाडि जनजातीको २७.७ प्रतिशत अर्थात् ९७ जना भई सबैभन्दा बढी संलग्नता थियो ।

उत्तरदाताको परिवारका सदस्य मध्ये ५० प्रतिशत अर्थात १७५ जनाको घरमा कमाउने पेशामा संलग्न भएका उत्तरदाता मात्र थिए ।

उत्तरदातालाई वैदेशिक रोजगारीको लागि विदेश गएको पटकको बारेमा सोध्दा  एक पटक विदेश जानेको संख्या सबैभन्दा धेरै थियो । सो एक पटक गएका ५३.१ प्रतिशत अर्थात १८६ जना उत्तरदाताहरुलाई थिए भने त्यसपछिका ३२.३ प्रतिशत अर्थात ११३ उत्तरदाताहरु चाहि दुई पटक गएका थिए ।

उत्तरदाताहरु गएका देशहरुमा मुख्य मलेशिया (२८.५ प्रतिशत), कतार (२३.९ प्रतिशत), साउदी अरब (२१.३ प्रतिशत), यु.ए.ई (१०.७ प्रतिशत) र कुवेत (५.५ प्रतिशत) थिए ।

सो संख्यालाई गहिरिएर हेर्दा, पुरुष गएका मुख्य देश मलेशिया थियो भने महिलाको संख्या धेरै भएको देश कुवेत थियो ।

वैदेशिक रोजगारीको लागि जाँदा एउटा निकै महत्वपूर्ण पाटो भनेको खर्च पनि हो । उत्तरदाताहरुले रु.२५,००० देखि रु.२,००,००० भन्दा माथि सम्म खर्च गरेका थिए । त्यो रकममा सबैभन्दा धरै उत्तरदाता अर्थात् २७.७ प्रतिशत (१३ जना उत्तरदाताहरु) ले रु. ७५,००० देखि रु. १,००,००० सम्म खर्च गरेका थिए । सो खर्च जुटाउनको निमित्त ७९.९ प्रतिशत अर्थात जम्मा ३०३ जनाले चाहि ऋण लिएर सो रकम जुटाएका थिए ।

उत्तरदाताको अन्तिम पटक वैदेशिक रोजगारीको लागि जाने निर्णय र देशको छनौट मा कसको भुमिका थियो भन्ने प्रश्नमा, ५८.३ प्रतिशतले आफैले निर्णय गरेका थिए भने, परिवारका सदस्यले भन्नेको संख्या (२१.७ प्रतिशत) र एजेन्टको निर्णय थियो भन्ने १५.४प्रतिशत रहेको थियो । अन्तिम पटकको वैदेशिक रोजगारी मुख्यतया दुई वर्ष सम्मको थियो ।

अन्तिम पटक जाँदा मुख्यतया ५ वटा प्रकृतिको काम उत्तरदाताहरुले गरेको पाईएको थियो । सो अनुसार १३.१ प्रतिशत अर्थात् ४६ जनाले “लेवर-हेल्पर” को काम, १०.६ प्रतिशत अर्थात् ३७ जनाले ड्राइभरको काम, ८.९ प्रतिशत ३१ जनाले ईलेक्ट्रिशियनको काम, ७.७ प्रतिशत वा २७ उत्तरदाताहरुले क्लीनरको काम र ७.४ प्रतिशत अथवा २७ जना चाहि सेक्युरिटिको काममा संलग्न भएका थिए ।

वैदेशिक रोजगारीको लागि विदेश जानुको धेरै कारणहरु हुन्छन् । सोही कारणहरुको विश्लेषण गर्दा धेरै कारणहरु मध्ये दुई कारण चाहि खास गरी अगाडि आएका थिए । २९२ जना उत्तरदाताहरु अर्थात् ३६.८ प्रतिशतले “घरपरिवार पाल्न” को निमित्त विदेश गएका भनेका थिए । त्यसै गरी २३९ उत्तरदाताहरुले अर्थात् ३० प्रतिशतले “नेपालमा काम नपाईएकोले” विदेश जानुपरेको भनेका थिए ।

विदेश बस्दा गर्ने खर्चको लेखाजोखा बारे बुझ्दा आफूले कमाएको पारिश्रमिकमा आधा भन्दा कम खर्च गर्ने ४४.३ प्रतिशत अर्थात् १५५ उत्तरदाताहरु थिए भने एकदमै थोरै खर्च गर्ने चाहि ४४ प्रतिशत थिए ।

वैदेशिक रोजगारीमा गएका कामदारहरु सबैले आफ्नो पारिश्रमिक घरपरिवारलाई पठाउने गरेको पाईयो । रोजगारीका लागि गएका कामदारहरुमध्ये ६४.९ प्रतिशतले हरेक ३ महिनामा आफ्नो कमाई घरपरिवारमा पठाउने गरेको पाईयो ।

पारिश्रमिकपठाउने कुरामा रु. १०,००० देखि रु. ५०,००० भन्दा माथिको दायरामा पारिश्रमिकपठाउने गरिएको थियो । यसमा १२६ जना उत्तरदाता वा ३६ प्रतिशतले रु. २०,००० देखि रु. ३०,००० सम्म पैसा घर पठाउने गर्दथे । समग्रमा पठाइएको रकममा रु १५,००० देखि रु. ३०,००० सम्म पठाउनेको संख्या बढी थियो ।

सो पठाईएको पैसाको मूल्यांकन गर्दा १७५ जना उत्तरदाताहरु वा ५० प्रतिशतले आफ्नो पारिश्रमिकको आधा भन्दा बढी पैसा नै घर पठाउने गरेका थिए । आफ्नो पारिश्रमिकको सबै जसो रकम नै घर पठाउनेको संख्या पनि धेरै अर्थात् ३१.१ प्रतिशत (१०९ जना) थियो ।

विप्रेषणको रकम घर पठाउँदा सो रकम बुझ्ने व्यक्ति धेरै किसिमका थिए । श्रीमान्/श्रीमती, बुवा-आमा, दाजु भाइ, दिदी बहिनी, सासु ससुरा र परिवारका अन्य सदस्यले सो रकम बुझेको पाइएको थियो । सो संख्यामा पनि ४४.९ प्रतिशत अर्थात् १५७ उत्तरदाताहरुको रकम श्रीमान्/श्रीमतीले नै बुझेको पाईएको थियो । अरु मुख्य दुई ९२ उत्तरदाताहरुको अर्थात् २६.३ प्रतिशतको रकम बुवाले बुझ्ने गर्दथे भने ४७ उत्तरदाताहरु वा १३.४ प्रतिशतको भने आमाले रकम बुझ्ने गरेको भेटिएको थियो ।

विप्रेषणको रकमे खर्च गर्ने निर्णय मुख्यतया ३ जनाले गरेको देखिएको थियो । ११६ जना उत्तरदाताहरु अर्थात् ३३.१ प्रतिशतको श्रीमान्/श्रीमतीले, ९० जना उत्तरदाताहरु (२५.७ प्रतिशत) आफैले र ८९ जनाको अर्थात् २५.४ प्रतिशत चाहि उत्तरदाताको बुवाले नै खर्च गर्ने निर्णय लिने गरेका थिए ।

वैदेशिक रोजगारीबाट कमाएको पारिश्रमिकघर पठाउने भरपर्दो माध्यम निकै जरुरी हुन्छ । यो अध्ययनको अनुसार ३२२ जना उत्तरदाताहरु अर्थात् ९२ प्रतिशत उत्तरदाताहरुले मनि ट्रान्सफरबाट नै पैसा नेपाल पठाउने गरेका थिए । सो माध्यम प्रयोग गर्नको कारणको बारेमा उत्तरदाताहरुसँग सोधिएको थियो । सबै कारणहरुमध्ये, मुख्य दुई कारण "विश्वासिलो/भरपर्दो भएकोले" भनेर २८७ उत्तरदाताहरु अर्थात् ४५.८ प्रतिशतले भनेका थिए । त्यसैगरि "पैसा छिटो पाउने हुनाले" भन्ने कारण चाहि २१२ उत्तरदाताहरु वा ३३.९ प्रतिशतले जनाएका थिए ।

विप्रेषणको रकम घर पठाउँदा भोग्नु परेका समस्याहरुमा मुख्य ४ समस्याहरु खुलेर अगाडि ल्याइएका थिए । १६४ उत्तरदाताहरु वा २९ प्रतिशतले "पैसा पठाउने ठाउँमा भीड हुने", ११४ उत्तरदाताहरु वा १९.५ प्रतिशतले "सानो रकमलाई पनि सर्भिस चार्ज बढी लिने", ११३ उत्तरदाताहरु अथवा १९.३ प्रतिशतले "पैसा पठाउने ठाउँ टाढा भएको" र फेरि ११३ उत्तरदाताहरु वा १९.३ प्रतिशतले चाहि त्यस्ता समस्या झेल्न नपरेको कुरा भनेका थिए ।

सो समस्या भोगिरहँदा उत्तरदाताहरुलाई केहि अपेक्षा सरकारसँग थियो, जुन स्वभाविक नै हो । ती अपेक्षामा पनि मुख्यतया २३.५ प्रतिशत अर्थात् १४५ उत्तरदाताहरुले "मनि ट्रान्सफरको ब्रान्च गाउँमा खोल्नु पर्‍यो" र २३.२ प्रतिशत अर्थात् १४३ उत्तरदाताहरुले चाहि "रकम अनुसारको सर्भिस चार्ज हुनु पर्‍यो" भनेर गुनासो गरेका थिए । १४.३ प्रतिशत अथवा ८८ जनाले भने यसको बारे थाहा नभएको कुरा पनि अगाडि सारेका थिए ।

सो अपेक्षालाई परिपुर्ति गर्नका निमित्त सरकारले दिनुपर्ने सुविधाको बारेमा पनि उत्तरदाताहरुले आफ्नो विचारप्रष्ट पारेका थिए । यो सन्दर्भको रमाइलो कुरा के भेटियो भने यस बारे थाहा छैन भनेर भन्नेको बहुमत थियो । ३१.४ प्रतिशत वा १२१ जनाले थाहा छैन भनेका थिए । यी बाहेकका २३.६ प्रतिशत वा ९१ जनाले गाउँपालिकामा नै मनिट्रान्सफारको सुविधा भए हुन्थ्यो भनेका  थिए ।

नेपालमा विप्रेषणको रकम पठाउँदा मुख्यतया मनि ट्रान्सफरको नै प्रयोग हुने भएकोले पनि सो बाट आफूलाई दिइएको सुविधाको बारे सोधिएको थियो । टिसर्ट दिने, पैसा छिटो घर पुग्ने र जिन्सी उपहार दिने जस्ता सुविधा दिए पनिमनि ट्रान्सफरसँग अझै धेरै अपेक्षा देखिएका थिए । १६.७ प्रतिशत अर्थात् ६४उत्तरदाताहरुले विदेशबाट पठाएको पैसा छिटो र बिना झन्झट निकाल्न सक्ने, १५.७ प्रतिशत वा ७० उत्तरदाताहरुले नेपालमा विभिन्न ठाउँमा पैसा निकाल्नको लागि ब्रान्चको व्यवस्था र १५.७ प्रतिशतले अथवा ७० जनाले नै चाहि खासै थाहा छैन भनेका थिए ।

विप्रेषणको मुख्य रकम घर पठाए बापत घरमा हुने प्रमुख खर्चको बारे खर्चको प्राथमिकीकरणेगरिएको थियो । ४ वटा मुख्य क्षेत्रमा खर्च गरेको  देखिएको थियो । जसअन्तर्गत १६.२ प्रतिशत अथवा ३३५ जनाले घरमा हुने दैनिक खर्चको लागि, १५.५ प्रतिशतले अर्थात् ३२४ जनाले औषधि उपचारको निमित्त, १४.६ प्रतिशत अर्थात् ३०४ उत्तरदाताहरुले विदेश जाँदा लिएको ऋण तिर्नको लागि र १३.६ प्रतिशत वा २८३ ले चाहि पढाईको लागि घरमै खर्च गरेका थिए ।

तसर्थ तीन प्रमुख खर्च भनेको नै घरको दैनिक खर्च, विदेश जाँदा लिएको ऋण फिर्ता गर्ने खर्च र पढाईको खर्च थिए ।

हरेक खर्चलाई विस्तृत रुपमा हेर्दा  घर पठाएको रकमबाट जग्गा खरिद गरेका मानिसहरुले केवल अन्यत्र नभई आफ्नै गाँउमा जग्गा किनेका थिए ।

वैदेशिक रोजगारीमा गई उत्तरदाताहरुले सिकेका सीप वा गरेका काममा मुख्यतया ५१.७ प्रतिशत वा १८१ जनाले प्राविधिक सीप नै सिकेका थिए । केही पनि सीप नसिकेका  ६.३ प्रतिशत अथवा २२ जना थिए ।

सिकेका सीपमध्ये पनि मुख्यतया तीन प्रकारका सीप सिकेको पाईयो । १२ प्रतिशत अथवा ५७ जनाले विभिन्न परिकारका खाना बनाउन सिकेका थिए । ११ प्रतिशत वा ५३ जनाले घर, टेबल आदि सफा गर्ने सीप सिकेका थिए भने १० प्रतिशत अथवा ४८ उत्तरदाताहरुले चाहि गाडी चालकको काम सिकेका थिए ।

वैदेशिक रोजगारीबाट घर फर्किसकेपछि वा फर्किदा ३७ प्रतिशत वा १३१ जनाले एकदमै थोरै रकम सँगै लिएर फर्केका थिए । त्यस्तै २८ प्रतिशत वा ९७ जनाले आधा भन्दा कम र १७ प्रतिशत अर्थात् ३८.२ प्रतिशतले भने मनि ट्रान्सफरको प्रयोग गरेका थिए ।

विदेशबाट ल्याएको पैसाको मुख्य उपयोग खास गरी ३ वटा क्षेत्रमा गरेका देखिएको थियो । ९३.७ प्रतिशत अर्थात् ३२८ जनाले घरको  दैनिक खर्चगरेका  थिए, ८३.७ प्रतिशत वा २१३ ले औषधि उपचारको लागि र ७३.४ प्रतिशतले  पढाईमा  खर्च गरेका थिए ।

वैदेशिक रोजगारीबाट घर फर्किसकेपछि पनि  घरको दैनिक खर्च औषधि/उपचार र पढाईमा नै सो पैसा खर्च भएको थियो ।

पहिल्यै विदेशमा रहँदा हुने खर्च मुख्यतया विदेश जाँदा लिएको ऋण तिर्दा भएको थियो भने औषधि उपचारमा विदेशमा हुँदाको खर्चकै बराबरमा थियो ।

वैदेशिक रोजगारीबाट फर्केपछि जीवनस्तरमा भएका सकारात्मक परिवर्तनहरुसँग उत्तरदाताको सहमति र असहमति दाँजिएको थियो । सो परिपेक्षमा समाजले हेर्ने नजरमा परिवर्तन आएकोमा ७१.७ प्रतिशत नै सहमत थिए स्वास्थ्य उपचार राम्रा अस्पतालमा गर्न थालियो भन्नेमा ७५.७ प्रतिशत सहमत थिए भने ६९.७ प्रतिशत परिवारको सदस्यले पौष्टिक आहार खाना भएको कुरामा सहमत थिए । “नयाँ घर बनाईयो” भन्ने कुरामा ४६ प्रतिशतको असहमति थियो । त्यस्तै व्यापार व्यवसाय गर्न थालियो भन्ने कुरामा ५५.७ प्रतिशतको असहमति र जग्गा जमिन खरिद गरी उत्पादन बढाइयो भन्ने कुरामा ५४ प्रतिशतको असहमति थियो ।

त्यस्तै नकारात्मक परिवर्तनको बारेमा बुझ्दा मुख्यतया उत्तरदाताहरु प्रायः सबै विवरणसँग सहमत देखिएका थिए । ५२.९ प्रतिशतले विदेशबाट पठाएको रकम मोजमस्ति गरेर उडाउने, ४८.३ प्रतिशतले परपुरुष पा परस्त्रीसँग सम्बन्धले घर एवं पारिवारिक विखण्डन  भएको र ५०.३ प्रतिशतले अत्याधिक मादक पदार्थ सेवन गरेको कुरा सहमति जनाएका थिए ।

वैदेशिक रोजगारीबाट फर्केका उत्तरदाताहरु हालको समयमा के कस्ता क्षेत्र वा काममा संलग्न छन् भन्ने कुरा सोधिएको थियो ।  २९.७ प्रतिशत अर्थात ११० जनाले नयाँ व्यापार व्यवसाय शुरु गरेका थिए १७.८ प्रतिशत वा ६६ जनाले कृषिमा काम गरिरहेका थिए । त्यस्तै ७.६ प्रतिशतले भने भइरहेको व्यवसायमा नै लगानी गर्ने कुरा भनेका थिए ।

नयाँ व्यापार व्यवसाय शुरु गर्ने सोच राखेका ११० जना उत्तरदाताहरु मध्ये पनि मुख्यतया ५ वटा क्षेत्रमा आफ्नो लगाानी लगाउने भनेका थिए । २१.७ प्रतिशत वा ३० जनाले कुखुरा पालन गर्ने, १३ प्रतिशत वा १८ जनाले भइरहेको किराना पसलमा थप लगानी गर्ने ११.६ प्रतिशत वा १६ जनाले होटल व्यवसाय खोल्ने, १०.९ प्रतिशत वा १५ जनाले ड्राइभिङको काम गर्ने र ८.७ प्रतिशतले (१२ जना) चाहिँ किराना पसल गर्ने खालको कुरा राखेका थिए ।

४३.६ प्रतिशत वा १२५ उत्तरदाताहरुले ड्राइभिङ क्षेत्र रोजेको कारण आफूले जानेको सीप नै त्यही भएको भनेका थिए । १६.४ प्रतिशत वा ४७ जनाले हार्डवेयरको व्यापारमा घाटा नजाने भएकाले छानेको भनेका थिए । साथै ९.८ प्रतिशत वा २८ जानाले भने खेती गर्ने जग्गा प्रशस्त भएकाले सो क्षेत्र रोजेको कुरा भनेका थिए । त्यो वाहेक पूँजीको कमी, अरु सीपको कमी, पुर्खौली कामको निरन्तरता आदि पनि सो छाँनिएको काम गर्नुको मुख्य कारणको रुपमा उत्तरदाताले अगाडि राखेका थिए ।

साथै लगानीको लागि सरकारको तर्फबाट प्रोत्साहन गर्ने कार्यक्रम पनि गर्नुपर्ने विचार उत्तरदाताले राखे। ३१.१ प्रतिशत अर्थात् १३२ जनाले व्यापार व्यवसायको लागि सरकारले सस्तो व्याजदरमा ऋण उपलब्ध गराए हुन्थ्यो भनेका थिए । २६.९ प्रतिशतले (११४) सीप अनुसार रोजगारीको व्यवस्था गाउँमै गरिदियोस् र ९.९ प्रतिशत अर्थात ४२ जनाले सरकारले नै प्राविधिक तालीम दिने व्यवस्था गरिदियोस् भन्ने अपेक्षा राखेका थिए ।

वैदेशिक रोजगार बोर्डको सचिवालयद्धारा दिईएको निःशुल्क सीपपरिक्षणको बारे ९० प्रतिशत अर्थात ३१६ जनालाई थाहा थिएन । बाँकी ३४ उत्तरदातामध्ये २ ले मात्र सो परिक्षण गरेका थिए । नगरेकालाई कारण सोध्दा ४२.९ प्रतिशत अर्थात १५ जना नभ्याएर २८.६ प्रतिशत वा अर्थात १० जनाले चासो नै नभएकाले २० प्रतिशत वा ७ जनाले सो सीप परिक्षण गाउँपालिकासम्म आइसकेकोले र  ८.६ प्रतिशत वा ३ जनाले  सीप अनुसार रोजगारीको व्यवस्था नभएर सो परिक्षण नगराएको बताएका थिए ।

विदेश हुँदा कमाउने पैसालाई नेपालमै हुने कमाईसँगतुलना गर्दा  ५३ प्रतिशत अर्थात् १८५ जनाले “विदेशको कमाई बढी”, ३४.६ प्रतिशत अर्थात् १२१ जनाले “नेपाल र विदेशको कमाई उस्तै”,७ प्रतिशत आर्थात् २३ ले “विदेशको कमाई कम” र ६ प्रतिशतले वा २१ ले  विदेशको कमाई एकदमै बढी भनेर जवाफ दिएका थिए ।

उत्तरदातालाई ५वटा विवरण सुनाई सो विवरणको महत्व र ती विवरण प्रतिको आफ्नो सन्तुष्टि/ असन्तुष्टिको बारेमा सोधिएको थियो । “व्यापार व्यवसाय बारे जानकारी” “ऋणमा पहूँच भएको” “ट्रनिङ/तालिम दिनु /दिएको” “प्रविधिक सहयोग पाउनु/पाएको” र “ सीप अनुसारको रोजगारीको अवसर मिलाई दिने संस्था” सबै निक्कै महत्वपूर्ण भएको प्राय सबै उत्तरदाताले भनेका थिए । तर सो विवरणसँग सन्तुष्टि भएको बारेमा सबै उत्तरदाताहरु असन्तुष्ट नै थिए ।

उत्तरदाताहरुलाई प्रश्नकर्ताहरुले सरकारलाई थप सुझाब दिने  बारेसोधिएको थियो । मुख्य सुझाबहरु भनेकै “बेरोजगारहरुलाई रोजगारीको व्यवस्था गर्नुपर्ने”, “विदेशबाट सिकेको सीप घरमै वा नेपालमा नै प्रयोग गर्ने व्यवस्था मिलाई दिने”, “सस्तो ब्याज”, “एग्रिमेन्ट अनुसार तोकेको तलबको व्यवस्था”, “विदेश जानु अघि प्राविधिक तालिम”,“सामानमा कर नलगाउँन”, “नेपाली दुतावासको सेवा छिटो र छरितो बनाउन” र “ विदेश जानेको लागि लिन शुल्क नियम भन्दा बढी लिए कार्वाही होस्” भन्ने खालका सुझाबहरु उत्तरदाताले राखेका थिए ।

## भाग १: परिचय

अहिलेको समयमा, वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रको उन्नतिका निम्ति रणनितिक भुमिका निभाइरहेको छ । विदेशबाट रकम पठाउने चाप पनि उत्तिक्कै अब्बल हिसाबले वृद्धि भएको देखिन्छ । नेपाल सरकार श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयले पनि सुरक्षित काम गर्ने वातावरणलाई ध्यानमा राखेर विदेशमा काम गर्नुहुने नेपालीहरुको अझै राम्रोको लागि मेहेनत गरिरहेका छन् ।

बिगत केहि बर्षमा वैदेशिक रोजगारीबाट नेपाल र्फकने क्रम पनि बढ्दो छ । वैदेशिक रोजगारीबाट कमाएको विप्रेषणको उपयोग हुने क्षेत्रहरु धेरै छन् । सो रकम उत्पादनशील क्षेत्रमा खर्च भइरहेको छ कि अन्य कुनै प्रयोजनको लागि भइरहेको छ भन्ने कुराको बारेमा यो अध्ययन लक्षित गरिएको छ । यो सर्दभमा वैदेशिक रोजगारीमा हुँदाका खर्चहरु र फर्केर आइसके पछिका खर्चहरुमा समानता वा के कस्ता भिन्नता छन् भन्ने कुरामा पनि यो केन्द्रित छ । वैदेशिक रोजगारीबाट फर्के पछि जीवनस्तरमा आएका परिवर्तन साथै वैदेशिक रोजगारीले उब्जाएका आर्थिक, सामाजिक र व्यवहारिक पक्षमा सकारात्मक र नकरात्मक परिस्थितीको बारेमा जान्नको लागि पनि यो अध्ययनलाई माध्यम बनाउँन सकिन्छ ।

साथै विदेशमा बस्दा सिकेको सीप, गरेका काम र सोही पक्षहरुलाई लिएर नेपाल फर्केपछि संलग्न हुने क्षेत्रमा प्रयोग गरि आफु बस्ने ठाँउको उन्नतिको लागि पनि काम गर्न सकिने एउटा पाटो पनि छ । यस बिषयलाई पनि यो अध्ययनले बुझ्न खोजेको छ ।

### १.१ उदेश्य

यो अनुसन्धानको मुख्य उदेश्य वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुको हालको अवस्था (आर्थिक हैसियत/ सीप र श्रमको उपयोगिता) बुझ्नु रहेको छ । विप्रेषणको रकमले राष्ट्रको आर्थिक क्षेत्रमा पनि दिएको योगदानको बारेमा यो अध्ययनले जान्न खोजेको छ ।

अनुसन्धानको प्रमुख उदेश्यहरु :

- वैदेशिक रोजगारीको लागि विदेश जानुको कारणहरुलाई केलाउनु ।
- विदेशीबाट पठाएको रकमको उपयोग भएका क्षेत्रहरु थाहा पाउनु ।
- विदेशबाट फर्किए पछिको विप्रेषणको रकम खर्चगरिएका क्षेत्रहरु थाहा पाउनु ।
- देशको आर्थिक क्षेत्रमा सो रकमको देन पत्ता लाउनु ।

### १.२ सन्दर्भ समाग्रीको समीक्षा

नेपालमा वैदेशिक रोजगारका लागि श्रमिक प्रवासको इतिहासलाई हेर्दा, यो औपचारिक रुपमा १९ औं शताब्दीमा ब्रिटिश सेनामा भर्तीको थालनीसँगै शुरु भएको देखिन्छ ।[1] त्यसैगरि, विभिन्न देशहरुमा श्रम स्वीकृती प्रदान गरे पश्चात वैदेशिक रोजगारको गन्तव्य विश्वव्यापीकरण भयो ।हाल, कूल ११० देशहरु वैदेशिक रोजगारको लागि खुल्ला छन्, जसमध्ये कतार, मलेशिया, साउदी अरब, यु.ए.ई, र कुवेत नेपाली श्रमिक प्रवासीहरुका लागि शीर्ष ५ गन्तब्यहरु रहेको पाईयो ।[2]

[1]Labour Migration for Employment. A Status Report for Nepal 2013/14

[2]https://mof.gov.np/uploads/document/file/for%20web_Economic%20Survey%202075%20Full%20Final%20for%20WEB%2

वर्तमान अवस्थालाई हेर्दा, वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या उल्लेखनिय छ । आर्थिक वर्ष २००८/०९ देखि आ.ब. २०१३/१४ को अवधिसम्ममा नेपालमा वैदेशिक रोजगारको लागि जारी गरिएको श्रम स्वीकृती १३७ प्रतिशतले बढेको पाईयो ।[3] यस अघि, आ.ब. २०१४/१५ मा, दैनिक लगभग १,५०० मानिसहरु विभिन्न गन्तब्यहरुमा नेपाल छोडेर गएका थिए [4]र आ.ब. २०१७/१८ सम्ममा दैनिक १,००० युवाहरु वैदेशिक रोजगारका लागि विदेशिएका थिए ।[5]त्यसैगरि, पछिल्लो समयलाई हेर्दा, श्रमिक प्रवासको दर केही  मात्रामा घटेको देखिन्छ । आर्थिक वर्ष २०१८/१९ मा, कुल २,३६,२११ [6]नयाँ श्रम स्वीकृतहरु जारी गरिएको थियो जुन अघिल्लो वर्षको, ३,५४,०८२, तुलनामा २५.०९ प्रतिशतले कम रहेको पाईन्छ [7].

नेपालका लागि श्रम प्रवासको मुख्य कारण विप्रेषण हो, जुन धेरै जसो नेपाली परिवाहरुको लागि मुख्य आयस्रोत रहेको पाईन्छ । विप्रेषण नेपाली परिवारको लागि मात्र नभई सिंगो मुलुकको लागि तेस्रो सबैभन्दा ठूलो आयस्रोत हो, जसले औसत राष्ट्रिय मासिक आयमा १७.६१ प्रतिशत (रु.६,५१४) योगदान गर्दछ ।[8]त्यसैगरि, नेपाल जीवनस्तर सर्वेक्षण(Nepal Living Standard Survey)२०११अनुसार ५५.८ प्रतिशत परिवारले विप्रेशण प्राप्त गर्दछ र प्रति वर्ष औसतमा रु. ८०,४०० विप्रेषण लगभग ३१ लाख घरपरिवारले प्राप्त गर्दछ ।[9]यसका साथसाथै, विप्रेषणले कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याएको पाईयो । आर्थिक वर्ष २०१५/१६ मा नेपालले कुल रु.६ खर्ब, ६५ अर्ब विप्रेषण प्राप्त गरेको पाईयो जुन कुल गार्हस्थ्य उत्पादनको २९.६ प्रतिशत बराबर हुन आउँदछ । त्यसैगरि, वर्ष २०१६/१७ मा विप्रेषण र कुल गार्हस्थ्य उत्पादनको अनुपात २६.३ प्रतिशत रहेको पाईयो र विप्रेषण वृद्धि दर ४.६ प्रतिशत रहेको छ ।[10]

नेपालीहरुको वैदेशिक रोजगारका लागि जाने प्रमुख कारणहरुमा देशमा निम्न आय, बेरोजगारी, राजनैतिक अस्थिरता, आधारभूत आवश्यकता परिपूर्तिकालागि, निम्न जीवनस्तर, आफन्त वा परिवारको दबाव, साथीभाईको प्रभाव जस्ता कारणहरु रहेका छन् । यसरी, श्रमिक प्रवासीहरुले कमाएर पठाएको विप्रेषणले उनीहरुको परिवारको जिवनस्तरमा सुधार भएको पाईयो । नेपाल सरकारको भनाई अनुसार, विप्रेषणले गरिबी निवारणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, अझ विशेषगरी ग्रामिण क्षेत्रहरुमा । यदि, विप्रेषण प्राप्त गर्न रोकिएको खण्डमा गरिबी रेखा१९.३ प्रतिशत बाट ३५.३ प्रतिशत सम्म बढ्नसक्ने सरकारी अनुमान रहेको छ । [11]विप्रेषणले गरिबी निवारण गर्न, जीवनस्तर सुधार्न, लगानी बढाउन र दुरगामी विकासको प्रर्बद्धन गर्न मद्दत पुऱ्याएको छ ।

त्यसै अनुरुप, विप्रेषण प्राप्त गर्नुका साथै, यसको उपभोग लगानी प्रर्बद्धन गर्न, नेपालीहरुको जिवनस्तरको दिगो उन्नतीका लागि, र अर्थतन्त्रका लागि उत्तिकै महत्वपूर्ण हुन्छ । विप्रेषणको ४० प्रतिशत खपत दैनिक उपभोगमा ( खाद्यान्न, लत्ताकपडा, दैनिक उपभोग्य वस्तुमा, शिक्षामा, औषधी/अस्पताल आदि) मा प्रयोग गरेको पाइयो । यसका साथसाथै, विप्रेषण बचत र लगानीका लागी उपयोग गरेको पाइयो ।[12]

---

[3]Labour Migration for Employment. A Status Report for Nepal 2013/14
[4] Department of foreign employment, 2016, http://www.dofe.gov.np/labourApproval.aspx
[5] https://mof.gov.np
[6] Department of Foreign Employment, 2019: Annual Labour Approval Report, http://www.dofe.gov.np/yearly.aspx
[7] Department of Foreign Employment, 2018: Annual Labour Approval Report, http://www.dofe.gov.np/yearly.aspx
[8]https://www.nrb.org.np/red/publications/study_reports/Study_Reports--Fifth_Household_Budget_Survey_2014-2015.pdf
[9] Foreign Employment Promotion Board (FEPB), 2018: A decade Souvenier of FEPB, http://www.fepb.gov.np/download#adhyan
[10]https://mof.gov.np/uploads/document/file/for%20webEconomic%20Survey%202075%20Full%20Final%20for%20WEB%2
[11] NPC, 2013
[12]http://www.iids.org.np/sites/default/files/doc_project/Report%20IOM.pdf

श्रमिक माइग्रेसनको घट्दो प्रवृत्तिसँगै, नेपालमा श्रमिक प्रवासीहरुको फर्किने संख्यामा बृद्धि भएको छ। सन् २०१६ सम्ममा, ५६३,२०० जना प्रवासी श्रमिकहरु स्वदेश फर्केका थिए जुन कुल जनसंख्याको १.७ प्रतिशत हो । [13]असुरक्षित कामगर्ने वातावरण, घर परिवारबाट टाढा हुनु र सुरक्षा जस्ता कारणहरु श्रमिक प्रावासीहरुले फिर्ता आउने कारणमा उद्धृत गरेको पाइयो । बैदेशिक रोजगारबाट फर्केर आउँदा, फिर्ता आएका श्रमिकहरुले बिप्रेपषण मात्र नल्याएर उनीहरुले आफ्नो रोजगारको क्रममा सिकेका सीप पनि जानेर आएका हुन्छन र त्यस्ता सीपयुक्त फिर्ता आएका श्रमिक प्रवासी नेपालीहरुलाई आफ्नै व्यवसाय थालनी गर्न मद्दत गरेको छ। सो कुरा कृषि क्षेत्रमा साँचो साबित भएको छ।

[13] http://www.iids.org.np/sites/default/files/doc_project/Report%20IOM.pdf

# भाग २ : अध्ययनको विधि बारेविवरण

प्रतिवेदनको यो भागमा अध्ययन गर्दाको स्याम्वलिङ्ग डिजाइन र कवरेज बारे बर्णन गरिएको छ ।

## २.१ लक्षित वर्ग


यस अध्ययनको लक्षित उत्तरदाता भनेको वैदेशिक रोजगारीबाट नेपाल फर्किएर नेपालमै बस्छु भन्ने व्यक्तिहरु हुन । अन्तवार्ता त्यस्तो व्याक्तिसंग गरिएको थियो कि जो बैदेशिक रोजगारीमा गएर फर्किएका र फेरी कहिल्यै बिदेश जान्न र नेपालमै केही गरेर बस्छु भन्ने व्यक्तिहरु संग मात्र प्रश्नावली भर्ने काम गरिएको थियो । कम्तिमा पनि नेपाल फर्किएको समय अवधि ६ महिना भन्दा बढी भैसकेका मानिसहरुसंग मात्र अन्तरवार्ता गरिएको थियो । यो ६ महिनाको समय अवधि तोक्नुको प्रमुख कारण भनेको कि त उहाँले कुनै व्यवशाय गर्न शुरु गरिसकेको हुनु पर्छ वा केही गर्ने सोच बनाउनको लागि समय पुग्दो हुन्छ भन्ने कारण प्रमुख थियो ।

## २.२ नमूना, आकार र क्षेत्र

स्याम्पलिंग गर्ने क्रममा हामीले वैदेशिक रोज़गारीमा जाने सबैभन्दा धेरै प्रतिनिधित्व गरेका ज़िल्लाहरूको सूचि तयार गरेका थियौं । त्यही अनुसारको प्रमुख ७ज़िल्लाहरुलाई लिएर पर्पसिव स्याम्पलिंग (**Purposive Sampling**) अन्तर्गत नै हरेक जिल्लाबाट ५० जना उतरदाताहरुसँग अन्तरवार्ता गरियो ।


यो अध्ययन जम्मा नेपालका ७ प्रदेशहरु मध्ये ४ प्रदेशहरुमा मात्र गरिएको थियो । यी ४ प्रदेशहरुमा मात्र गर्नुको कारण मध्ये प्रमुख कारण भनेको यी प्रदेशहरुबाट बडी जनसंख्या बैदेशिक रोजगारीका लागि जाने प्रदेशहरु हुनाले यी प्रदेशहरु छानिएका हुन् । जस मध्ये प्रदेश नम्बर १ प्रदेश २, र प्रदेश ३ बाट प्रत्येकमा २८.६ प्रतिशतका दरले (१००जना उत्तरदाताहरु) लिईएको थियो भने, प्रदेश ५ बाट जम्मा १४.३ प्रतिशत(५० जना उत्तरदाताहरु) संग तथ्याङ्क लिइएको थियो ।

Figure 1: अध्ययन गरिएका प्रदेश




४ प्रदेशहरुबाट लिईएका जिल्लाहरुमा झापा, मोरङ्ग, धनुषा, सिराहा, मकवानपुर, सिन्धुपाल्चोक र दाँङ्ग रहेका थिए । प्रदेश नम्बर १ बाट झापा र मोरङ्ग, प्रदेश नम्बर २ बाट धनुषा र सिराहा, प्रदेश नम्बर ३ बाट मकवानपुर र सिन्धुपाल्चोक र प्रदेश नम्बर ५ बाट दाँङ्ग जिल्ला रहेको थियो । यी ७ जिल्लाहरुमा जम्मा ३५० जना उत्तरदाताहरुसंग अन्तरवार्ता गरिएको थियो । हरेक जिल्लाबाट लिईएको नमुना छनौट बराबरी रहेको छ । जस्तो झापा जिल्लामा ५० जना उत्तरदाता रहेका थिए भने, मोरङ्ग, धनुषा, सिराहा, मकवानपुर, सिन्धुपाल्चोक र दाँङ्ग मा क्रमश : ५० जना नै उत्तरदाता रहेका थिए । जहाँ हरेक जिल्लाको लागि पर्न गएको प्रतिशत भनेको १४.३ प्रतिशत हुन आउँछ ।

Figure 2: अध्ययन गरिएका जिल्ला




गाउँपालिकामा भन्दा बढी नगरपालिकामाअन्तरवार्ताहरुभएकाथिए। जस मध्ये गाउँपालिकामा ३३.४ प्रतिशत(११७ जना उत्तरदाताहरु)अन्तरवार्ताहरुभएकाथिए भने नगरपालिकामा ६६.६प्रतिशत(२३३ जना उत्तरदाताहरु)अन्तरवार्ताहरुभएकाथिए ।

Figure 3: गाउँपालिका र नगरपालिका




## २.३ तथ्याङ्क संकलन प्रकृया

यो सर्वेक्षणको लागि तथ्याङ्क संकलन गर्ने काम बैशाख २७ गते बाट शुरु भएको थियो भने अन्त्य जेठ ४ गते भएको थियो । तथ्याङ्क संकलन गर्नका लागि जम्मा ९ दिन लागेको थियो । तथ्याङ्क संकलन गर्नका लागि जम्मा ७ जिल्लाका लागि ७ टिम बनाईएको थियो र हरेक टिममा १ जना सुपरभाईजर थिए भने १ जना अन्तरवार्ताकार

थिए । हरेक जिल्लामा कम्तिमा पनि ५ वटा वडामा १० वटाका दरले अन्तरवार्ता गरि उक्त जिल्लामा ५० वटा अन्तरवार्ता गरिएको थियो ।

## २.४ अध्ययनको सीमा

सिमित समयको कारणले गर्दा यो अध्ययन जम्मा ७ वटा जिल्लाहरुमा मात्र गर्न पाइयो ।

वैदेशिक रोजगारीमा जाने महिला र पुरुषको प्रत्येक जिल्लामा उपस्थितिको अनुपात मिलाउन खोजिएको थियो । तर अध्ययन गर्ने क्रममा हाम्रा अनुसन्धाकर्ताहरुले धनुषा र सिराहामा वैदेशिक रोजगारीबाट फर्केका महिलाहरु नपाउँदा यी दुई जिल्लाहरुमा भने महिलासँग अन्तरवार्ता लिइएन । तथ्याङ्क अनुसार यी दुई जिल्लाहरुबाट ज्यादै न्यून संख्यामा मात्र महिलाहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् ।

यो अनुसन्धानको लागि दिइएको समय र श्रोत सिमित भएकोले गर्दा हामीले प्रयोग गरेको कार्यबिधि पनि (Purposive नै थियो। पर्पसिव स्याम्पलिंग (Purposive Sampling)गरेर तथ्यांक संकलन गरिएकोले यो अध्ययनको केहि बुँदाहरू अपूरो देखिन सक्छ ।

बोर्डसंगको साझेदारी र सल्लाह अनुसार नै यो एक पाइलट अनुसन्धानको तरिकाले नै सम्बोधन गरेका छौं ।

# भाग ३ : अध्ययनको परिणाम


## ३.१ नमुनाको वर्ण

**अध्ययनमा सहभागी भएका उत्तरदाताहरुका बिवरणहरु यस प्रकार छन् ।**

### ३.१.१ उत्तरदाताको लिङ्ग


**७ जिल्लाहरुमा जम्मा ३५० जना उत्तरदाताहरुसंग अन्तरवार्ता गरिएको थियो जसमा ८५.७ प्रतिशत(३०० जना उत्तरदाताहरु) पुरुष थिए भने १४.३ प्रतिशत(५० जना उत्तरदाताहरु) महिला थिए ।**

Figure 4: उत्तरदाताको लिङ्ग




**जिल्लागत तुलना गर्दा धनुषा र सिराहा जिल्लाहरुमा महिला उत्तरदाता नभएको र र अरु जिल्लाहरुमा महिला उत्तरदाताहरु १० जनाको दरले रहेको अवस्था थियो ।**


Figure 5: उत्तरदाताको लिङ्ग र जिल्ला



### ३.१.२ उत्तरदाताको उमेर

**सबैभन्दा बढी “२६ देखि ३०वर्ष” उमेर समुहका उत्तरदाताहरु२५.७ प्रतिशतथिए भने सबैभन्दा कम बैदेशिक रोजगारीमा जानेको उमेर समुह भनेको“५० बर्ष भन्दा माथि” उमेर समुहका २.६ प्रतिशत थिए । “३१ देखि ३५ बर्ष” र “३६ देखि ४० बर्ष” उमेर समुहमा खासै भिन्नता थिएन । उमेरको हिसाबले भन्नु पर्दा “२० देखि ४५ बर्ष” भित्रका उमेर समुह भएको मानिसहरुनै बैदेशिक रोजगारीका लागि जाने गरेका रहेछन भन्ने देखियो । यी उमेर समुहको जम्मा संख्या भनेको ३२१ जना र जसको प्रतिशत भनेको ९१.७ प्रतिशत थियो ।**


Figure 6: उत्तरदाताको उमेर




### ३.१.३ उत्तरदाताको धर्म

**उत्तरदाताको धर्ममा ७५.४ प्रतिशत (२६४ जना उत्तरदाताहरु)“हिन्दु” थिए, १६.३प्रतिशत (७५जना उत्तरदाताहरु) “बुद्धिष्ट” थिए, ४.६ प्रतिशत (१६जना उत्तरदाताहरु) “मुस्लिम” थिए, १.७ प्रतिशत (७जना उत्तरदाताहरु) “इसाई” र २.० प्रतिशत (७जना उत्तरदाताहरु) चाहि “किराँती” थिए ।**


Figure 7: उत्तरदाताको धर्म



### ३.१.४ उत्तरदाताको वैवाहिक स्थिति

उत्तरदाताको वैवाहिक स्थितिको बारेमा बुझ्दा ९१.७ प्रतिशत (३२१ जना उत्तरदाताहरु) "विवाहित" थिए । त्यसैगरी ७.१ प्रतिशत (२५जना उत्तरदाताहरु) "अविवाहित" थिए ।


Figure 8: उत्तरदाताको वैवाहिक स्थिति



### ३.१.५ उत्तरदाताको शैक्षिक योग्यता


२४.६ प्रतिशत(८६ जना उत्तरदाताहरु)ले “कक्षा ८ पास” गरेका थिए भने २१.१प्रतिशत(७४ जना उत्तरदाताहरु) ले “कक्षा ५ पास” गरेका थिए । साथै १७ .७ प्रतिशत(६२ जना उत्तरदाताहरु)ले “एस.एल.सी पास” थिए भने, १५.४प्रतिशत(५४ जना उत्तरदाताहरु)ले “टेस्ट पास” र सबैभन्दा कम १.७ प्रतिशत“ब्याचलर पास” गर्नेहरु रहेका थिए । शैक्षिक योग्यताको विश्लेषण गर्दा “पढ्न लेख्न नआउने” उत्तरदाता ११ जना मात्र थिए ।

Figure 9: उत्तरदाताको शैक्षिक योग्यता




तालिकामा देखिए अनुसार “पढ्न लेख्न” नआउनेको संख्या पुरुषको तुलनामा महिलामा न्युन देखियो । जहाँ “पढ्न लेख्न नआउने”पुरुषहरु १० जना रहेका थिए भने महिला १ जना मात्रथिए । तर “१०+२/ इन्टरमिडिएटपास” र “ब्याचलर पास” गर्ने महिलाहरुको संख्या शुन्य रहेको थियो ।


Figure 10: उत्तरदाताको शैक्षिक योग्यता र लिङ्ग



### ३.१.६ उत्तरदाताको जात समुदाय


उत्तरदाताहरुमा २७.७ प्रतिशत(९७ जना उत्तरदाताहरु) "पहाडी जनजाती" थिए भने २३.७ प्रतिशत(८३ जना उत्तरदाताहरु) "तराई जनजाती" थिए । यस मध्ये सबै भन्दा कम प्रतिनिधित्व तराई ब्राम्हणको रहेको थियो । यसै गरी पहाडी ब्राम्हणको तुलनामा पहाडी क्षेत्रीको बर्चस्व थियो। तराई दलित र पहाडी ब्राम्हणको बैदेशिक रोजगारीमा जानेको अवस्था झण्डै बराबरी थियो।

Figure 11: उत्तरदाताको जात समुदाय




जात समुदायको आधारमा महिला र पुरुषको बिश्लेषण गर्दा, तराई दलित, नेवार र मुस्लिम/चुरौटे महिलाहरु कोही पनि बैदेशिक रोजगारीका लागि नगएको देखियो । महिलाहरुमा सबैभन्दा बढी पहाडी जनजाती र दोस्रोमा पहाडी क्षेत्री महिलाहरु जाने गरेको भेटियो । ३०० जना पुरुष उत्तरदाताहरुको आधारमा पहाडी जनजाती र तराई जनजातीको बैदेशिक रोजगारीको लागि जाने चलन झण्डै बराबरी (२५.३ प्रतिशत र २५.७ प्रतिशत) रहेको थियो ।


Figure 12: उत्तरदाताको जात समुदाय र लिङ्ग



### ३.१.७ उत्तरदाताको परिवार संख्या


उत्तरदाताहरुलाई उँहाको जम्मा परिवार संख्या बारे सोधिएको थियो । ३५० उत्तरदाताहरु मध्ये ५४.९ प्रतिशत ( १९२ जना उत्तरदाताहरु) को परिवार संख्या "५ देखि ८ जना" थियो । "४ जना वा कम" परिवार संख्या हुने ३१.१प्रतिशत(१०९ जना उत्तरदाताहरु) थिए भने "९ देखि ११ जना" परिवार संख्या हुने १२ प्रतिशत(४२ जना उत्तरदाताहरु) थिए ।

Figure 13: उत्तरदाताको परिवार संख्या




उत्तरदाताहरुलाई उँहाको जम्मा परिवार संख्यामध्ये कमाउने पेशामा संलग्न भएका बारे सोधिएको थियो ।५० प्रतिशत (१७५ जना उत्तरदाताहरु) को घर परिवारमा उत्तरदाता मात्र कमाउने पेशामा संलग्न भएको पाइयो । ३५० उत्तरदाताहरुमा ३९.४ प्रतिशत (१३८ जना उत्तरदाताहरु) को घर परिवारमा"२ जना" र ८.३प्रतिशत (२९ जना उत्तरदाताहरु) को घर परिवारमा"३ जना" कमाउने पेशामा संलग्न भएको पाइयो ।

Figure 14: उत्तरदाताको परिवारमा कमाउने पेशामा संलग्न संख्या




## ३.२ वैदेशिक रोजगारी

### ३.२.१ वैदेशिकरोजगारीको लागि गएको पटक

उत्तरदाताहरुलाई अहिले सम्म वैदेशिकरोजगारीको लागिविदेशमा काम गर्न गएको पटक सोधिएको थियो ।सो प्रश्नको उत्तरमा ३५० जना उत्तरदाताहरु मध्ये ५३.१ प्रतिशतले “एक पटक”(१८६ जना उत्तरदाताहरु), ३२.३ प्रतिशतले “दुई पटक” (११३ जना उत्तरदाताहरु)र ११.१ प्रतिशतले “तीन पटक”(३९ जना उत्तरदाताहरु) भनेका थिए भने “तीन पटक भन्दा बढी” पटक गएकोभन्ने ३.४ प्रतिशत(१२ जना उत्तरदाताहरु) थिए ।


Figure 15: वैदेशिक रोजगारीको लागि गएको पटक




### ३.२.२ अहिले सम्मगएका देशहरु

उत्तरदातालाई बैदेशिक रोजगारको निमित्त अहिले सम्मगएका देशहरुको नाम सोधिएको थियो । यसमा सबैभन्दा बढी गएको प्रमुख ५ देशहरुमा सबैभन्दाबढी“मलेशिया” रहेको पाईयो । जम्मा ३५० जना उत्तरदाता मध्ये २८.५ प्रतिशत(१४३ जना उत्तरदाताहरु) ले “मलेशिया” भनेका थिए । २३.९ प्रतिशत(१२० जना उत्तरदाताहरु)“कतार” भनेका थिए भने, २१.३ प्रतिशत (१०७ जना उत्तरदाताहरु) ले “साउदी अरब” भनेका थिए । “यु.ए.ई” र “कुवेत” भन्नेहरुको क्रमश: १०.६ प्रतिशत र ५.४ प्रतिशतथियो । यस बाहेक बैदेशिक रोजगारीका लागि गएका अन्य देशहरु ईराक, ओमान, बहराईन, रसिया, लेवनान, इजरायल, भारत आदी रहेका थिए ।


Figure 16: अहिले सम्म गएका देशहरु



### ३.२.३ अन्तिम पटक गएको देश


अन्तिम पटक गएको देशको बारेमा भन्नु पर्दा सबैभन्दा बढी उत्तरदाताहरु गएको देश भनेको मलेसिया नै थियो, जहाँ ३५० जना उत्तरदाताहरु मध्ये २९.४ प्रतिशत (१०३ जना उत्तरदाताहरु) ले “मलेसिया” मा काम गरिसकेका थिए। त्यस पछि दोस्रो ठुलो जनसंख्या २६.६ प्रतिशत (९३ जना उत्तरदाताहरु) “कतार”गएका थिए भने तेस्रो देश “साउदीअरब” मा गएका २२ प्रतिशत (७७ जना उत्तरदाताहरु) थिए । “यु.ए.ई.” र “कुवेत” जानेहरु भनेको क्रमश: ९.१ प्रतिशत र ६.३ प्रतिशत थिए। यस बाहेक “ईजरायल” र “बहराईन” जानेहरुको संख्या भने अति न्युन थियो। छिमेकी राष्ट्र भारत जानेहरुको संख्या न्युन देखिएता पनि शहरहरु भने बिभिन्न थरिका थिए। भारतका शहरहरु भन्नाले मुम्बै, दिल्ली, कलकत्ता, अरुणान्चल प्रदेश, केरला, चेन्नाई, पन्जाव, हिमान्चल, पुने र सिमला थिए।

Figure 17: अन्तिम पटक गएको देश




अन्तिम पटक गएको देशलाई पुरुष र महिलाको प्रतिनिधित्वको आधारमा हेरिएको थियो। सो तथ्याङ्क अनुसार, बैदेशिक रोजगारको लागि अन्तिम पटक“मलेसिया”गएका उत्तरदाताहरुमा ९६ जना पुरुषरुर ७ जना महिलाहरु थिए । त्यसैगरी “कतार” गएकामा ९२ जनापुरुषहरु र १ जनामहिला थिए । साथै “साउदि अरब” गएका उत्तरदाताहरुमा ७२ जना पुरुषरुर ५ जनामहिलाहरु थिए । “यू.ए.ई. (दुवाई आबुदावी)” गएकामा २४ जना पुरुषहरु र ८ जना महिलाहरु थिए। “कुवेत” गएकामा १९ जना महिलाहरु र ३ जना पुरुषहरु थिए भने “इराक” गएका ३ जना पुरुषहरुर २ जना महिलाहरु थिए।

Figure 18: अन्तिम पटक गएको देश र लिङ्ग




### ३.२.४ अन्तिम पटक जाँदाको खर्च

कुनै पनि देशबाट बैदेशिक रोजगारीको निमित्त अर्को देश जानको लागि बिभिन्न खाले खर्चहरु लाग्ने हुन्छ जस्तोः हवाई टिकट खर्च, श्रम गर्दा लाग्ने खर्च, पासपोर्ट,आदी बनाउँदा लाग्ने खर्च ।उत्तरदाताहरुलाई अन्तिम पटकवैदेशिकरोजगारीको लागि जाँदा गरिएको खर्च बारे सोधिएको थियो ।


३५० उत्तरदाताहरुमध्ये २६.६ प्रतिशत (९३ जना उत्तरदाताहरु) ले "रु.७५,००१ देखि रु.१,००,०००" खर्च गरेका थिए । "रु.१,२५,००१ देखि रु.१,५०,०००"खर्च गर्नेहरु १९.७ प्रतिशत (६९ जना उत्तरदाताहरु) थिए भने "रु.१,००,००१ देखि रु.१,२५,०००"खर्च गर्नेहरु १८.९ प्रतिशत (६६ जना उत्तरदाताहरु) थिए । साथै "रु.२,००,००० भन्दा माथि" खर्च गर्ने १५ जना उत्तरदाताहरु पनि थिए ।

Figure 19: अन्तिम पटक जाँदाको खर्च




उत्तरदाताहरुलाई सो खर्च कस्ता स्रोतहरु बाट जुटाउनु भयो भनेर सोधिएको थियो ।३५० जना उत्तरदाताहरु मध्ये सबैभन्दा बढी उत्तरदाताल७९.९प्रतिशत (३०३ जना उत्तरदाताहरु) ले "ऋणलिएर" जुटाएको थिए भन्ने जबाफ दिएका थिए भने "परिवारको बचतबाट" भन्नेहरु ९ प्रतिशत (३४ जना उत्तरदाताहरु)रहेको थियो । यसैगरी "आफुले पहिल्यै विदेश गएर कमाएको पैसा बचत गरेर" भन्नेहरु ६.३प्रतिशत(२४ जना उत्तरदाताहरु)रहेको थियो भने "परिवारको जग्गा जमिन बेचेर" भन्नेहरु २.४ प्रतिशत (९ जना उत्तरदाताहरु)थिए।


Figure 20: अन्तिम पटक जाँदाको खर्चका स्रोत



### ३.२.५ अन्तिम पटक जान प्रमुख भुमिका

अन्तिम पटक वैदेशिक रोजगारीको लागि विदेश जाने प्रकृयामा कसको प्रमुख भुमिका थियो भनि सोधिएको प्रश्नमा ५८.३प्रतिशत(२०४ जना उत्तरदाताहरु)ले “आफु स्वयमं” कै प्रमुख भूमिका भएको भनेर उत्तर दिएका थिएभने २१.७प्रतिशत(७६ जना उत्तरदाताहरु) ले “परिवारका अन्य सदस्यहरु” को भूमिका रहेको बताएका थिए । त्यसैगरि “एजेन्टको” भूमिका तेस्रो स्थानमा रहेको थियो भनेजसको प्रतिशत १५.४ प्रतिशत (५४ जना उत्तरदाताहरु) रहेको थियो । यस बाहेक नातेदारको प्रमुख भूमिका चौथो स्थानमा रहेको थियो ।


Figure 21: अन्तिम पटक जानको लागि प्रमुख भुमिका




### ३.२.६ अन्तिम पटक जाँदा बिताएको समय

अन्तिम पटक वैदेशिक रोजगारीको लागि जाँदा बिदेशमा बसेको समयको बारेमा जानकारी लिँदा ३३.१ प्रतिशत (११६ जना उत्तरदाताहरु) ले “दुई बर्ष” भनेका थिए भने, “तीन बर्ष” भन्नेहरु ३१.७प्रतिशत(१११ जना उत्तरदाताहरु) रहेका थिए । त्यसै गरि “तीन बर्ष भन्दा माथि” भन्नेहरु २५.७प्रतिशत(९० जना उत्तरदाताहरु) थिए भने, “एक बर्ष वा सो भन्दा कम” भन्नेहरु ९.४ प्रतिशत(३३ जना उत्तरदाताहरु) मात्र रहेका थिए ।

Figure 22: अन्तिम पटक जाँदा बिताएको समय




### ३.२.७ अन्तिम पटक जाँदा गरेको काम

अन्तिम पटक १३.१ प्रतिशत (४६ जना उत्तरदाताहरु) ले “लेवर-हेल्पर” को काम गर्नु भएको थियो भने १०.६ प्रतिशत (३४ जना उत्तरदाताहरु) ले “ड्राइभर” ८.९ प्रतिशत (३१ जना उत्तरदाताहरु ) ले “ईलेक्ट्रिसियन” ७.७ प्रतिशत (२७ जना उत्तरदताहरु) ले “क्लिनर” र ७.४ प्रतिशत (२४ जना उत्तरदाताहरु) ले “सेक्यूरिटि” को काम गरेका थिए ।

यस्तै गरेर “स्याहार सुसार गर्नेमा” ५.१ प्रतिशत (१८ जना उत्तरदाताहरु), “हाउस किपिङ्ग” मा पनि ५.१ प्रतिशत (१८ जना उत्तरदाताहरु) थिए भने “प्लम्बर” र “कार्पेन्टर” मा क्रमशः ४.१ प्रतिशत (१७ जना उत्तरदाताहरु) र ४.३ प्रतिशत (१५ जना उत्तरदाताहरु) थिए । यस बाहेक अन्य कामहरुको विवरण तलको तालिकामा सुचित गरीएको छ ।

Figure 23: अन्तिम पटक जाँदा गरेको काम




| | n | % |
|---|---|---|
| सीपकोकामगर्ने) जस्तै, स्टिकरटास्ने, टायरटाल्ने, पेन्टीङगर्ने | 11 | 3.1 |
| स्टोरकिपर | 10 | 2.9 |
| वेटर | 9 | 2.6 |
| अफिसब्वाई | 7 | 2.0 |
| मेसन | 7 | 2.0 |
| सुपरभाईजर | 7 | 2.0 |
| सडकबनाउने वा पिच गर्ने काम | 5 | 1.4 |
| वेल्डीङ | 5 | 1.4 |
| फार्मिङ्ग | 3 | .9 |
| स्काफफिल्डीङ गर्ने | 3 | .9 |
| पन्जाबनाउने | 3 | .9 |
| पेट्रोलफिल्टर गर्ने | 3 | .9 |
| ब्युटिसियन | 2 | .6 |
| क्यासियर | 2 | .6 |
| गार्मेन्टमाकपडा सिलाउने काम | 2 | .6 |


## ३.३ अन्तिम पटकको वैदेशिक रोजगारी बारे

### ३.३.१ वैदेशिक रोजगारीमा जानुका प्रमुख कारणहरु

तपाई काम गर्नको लागि बिदेश जानुका कारणहरु के के हुन भनि सोधिएको प्रश्नमा सबैभन्दा बढी ३६.८ प्रतिशत (२९२ जना उत्तरदाताहरु) ले "घर परिवार पाल्नका लागि" भन्ने उत्तर दिएका थिए । त्यसै गरि "नेपालमा काम नपाईएकोले" भन्ने ३०.१ प्रतिशत(२३९ जना उत्तरदाताहरु) रहेको थिए भने, "बिदेशमा रोजगारीको लागि राम्रो अवसर हुने भएकोले" भन्ने ८.८ प्रतिशत (७०जना उत्तरदाताहरु) रहेका थिए ।

"परिवारको दवाव" र "कुनै व्यपार व्यवशाय गर्न नसकिएको" भन्नेहरुको दुवैको ६ प्रतिशत (४८ जना उत्तरदाताहरु) रहेका थिए । "साथीहरुको दवावले गर्दा" र "व्यपार व्यवशाय शुरु गर्नका लागि पुग्दो बचत गर्न" भन्नेहरुलगभग बराबरी जस्तै २४ जना र २५ जना उत्तरदाताहरु रहेका थिए । "देशको बिग्रदो राजनीतिक स्थितिले गर्दा", "आर्थिक अवस्था सुधार गर्न" र "बुढेसकालको लागि पैसा बचत गर्नको लागि" भन्नेहरु क्रमश : १३, २८, र ७ जना उत्तरदाताहरु रहेका थिए।


Figure 24: वैदेशिक रोजगारीमा जानुका प्रमुख कारणहरु



### ३.३.२ वैदेशिक रोजगारीमा हुँदा गरेको खर्च

विदेशमा बस्दा गरिएको खर्चको विवरण निम्न प्रकारकाथिए । ४४.३ प्रतिशत (१५५जना उत्तरदाताहरु) ले “आधा भन्दा कम” र ४४.० प्रतिशत (१५४जना उत्तरदाताहरु) ले “एकदम थोरै” खर्च गर्ने गरेको पाइयो । ८.६ प्रतिशत (३०जना उत्तरदाताहरु) ले भने “आधा जति” र ११ जना उत्तरदाताहरुले “आधा भन्दा बढि” खर्च गरिएको पाइयो ।

Figure 25: वैदेशिक रोजगारीमा हुँदा गरेको खर्च





### ३.३.३ विप्रेशन नेपालमा पठाउने

विदेशमा काम गर्दा सबै उत्तरदाताहरु (३५०जना उत्तरदाताहरु) लेआफ्नो पारिश्रमिक नेपालमा पठाउँने गरेका थिए ।

“३-३ महिनामा” आफ्नो पारिश्रमिक नेपाल पठाउने उत्तरदाताहरु ६४.९ प्रतिशत (२२७जना उत्तरदाताहरु) थिए भने “महिनै पिच्छे” पठाउनेहरु १८.९ प्रतिशत (६६जना उत्तरदाताहरु) थिए । त्यसैगरि ९.४ प्रतिशत (३३जना उत्तरदाताहरु) ले “६-६ महिनामा” पठाउँथे भने ५.४ प्रतिशत (१९जना उत्तरदाताहरु) ले “२ महिनामा एक पटक” र १.४ प्रतिशत (५जना उत्तरदाताहरु) ले “वर्षमा एक पटक” पैसा पठाउने गर्थे ।

Figure 26: विप्रेशन नेपालमा पठाउने समयको अन्तराल



३.३.४


**Comment [kk1]:** यो topics हटाउदा उपयुक्त हुन्छ होला। दोहोरिए जस्तो छ।

### ३.३.४ नेपालमा पठाइने विप्रेषणकोरकम

बिदेशबाट नेपालमा पैसा पठाउँदा उत्तिकै मात्रामा पठाउने र कहिले कति कहिले कति ठेगान हुँदैन थियो भन्नेहरु सबैलाई, सालाखाला महिनामा पठाउनु पर्ने हो भने कति जति पैसा पठाउनु हुन्थ्यो भनि सोधिएको थियो। जसमा महिनामा "रु.२०,००१ देखि रु.२५,०००" पठाउने ३६ प्रतिशत (१२६जना उत्तरदाताहरु) थिए भने २२.६ प्रतिशतले (७९जना उत्तरदाताहरु) "रु. १५,००१ देखि रु.२०000" घर पठाउँथे। १८.६ प्रतिशत (६५जना उत्तरदाताहरु) ले "रु.२५,००१ देखि रु.३०,०००" सम्म पठाउने गरेको पाइयो।


त्यसैगरि "रु.१०,०००" र "रु.१०,००० भन्दा कम" पैसा पठाउनेहरु ५.७ प्रतिशत (२०जना उत्तरदाताहरु), "रु. १०,००१ देखि रु.१५,०००" पठाउने ५.१ प्रतिशत (१८जना उत्तरदाताहरु), "रु.३०,००१ देखि रु.३५,०००" तथा "रु.४५,००१देखि रु.५०,०००" पठाउने दुवै ३.४ प्रतिशत (१२जना उत्तरदाताहरु) थिए।

Figure 27: नेपालमा पठाइने विप्रेशनको रकम




कतार बाट पठाएको रकम मुख्यतया "रु.२०,००० देखि रु.३०,०००" रहेको पाईयो भने मलेसिया बाट पठाएको रकम "रु. २०,००० देखि रु.२५000" रहेको पाईयो। साउदी अरब बाट पठाएको रकम भने मुख्यतया "रु २५,००० देखि रु ३०,०००" रहेको पाईयो।


Figure 28: नेपालमा पठाइने विप्रेशनको रकम र देश




**आफ्नो पारिश्रमिकको कति भाग पठाउनु हुन्थ्यो भनेर सोधिएको थियो ।**

**५० प्रतिशत (१७५जना उत्तरदाताहरु) ले "आधा भन्दा बढि" पैसा आफ्नो पारिश्रमिकघर पठाउने गर्दथे । ३१. १ प्रतिशत (१०९जना उत्तरदाताहरु) ले आफ्नो "सबै जसो" पारिश्रमिकपठाउँथे भने १२.३ प्रतिशत (४३जना उत्तरदाताहरु) ले "आधा जति" पारिश्रमिकघर पठाउने गर्थे । यसै गरी ४.३ प्रतिशत (१५जना उत्तरदाताहरु) ले "आधा भन्दा कम र २.३ प्रतिशत (८जना उत्तरदाताहरु) ले भने "एकदमै थोरै " मात्र पठाउने गर्दथे ।**

Figure 29: पारिश्रमिकको कति भाग पठाउने




### ३.३.५ नेपालमा पठाइने विप्रेषणकारकम पाउने व्यक्ति

विदेशबाट पैसा घर पठाउँदा केहि मुख्य सदस्यलाई पठाइन्छ । यहि सन्दर्भमा उत्तरदातासँग धेरैजसो पैसा कुन सदस्यलाई पठाइन्थ्यो भन्ने प्रश्न सोधिएको थियो ।

मुख्यतया ४४.९ प्रतिशत (१५७जना उत्तरदाताहरु) ले “श्रीमान्/श्रीमती” लाई नै पैसा पठाएका थिए । २६.३ प्रतिशत (९२जना उत्तरदाताहरु) ले आफ्ना “बुवालाई” भने १३.४ प्रतिशत (४७जना उत्तरदाताहरु) ले आफ्ना “आमालाई” पैसा पठाएका थिए । ७.१ प्रतिशत (२५जना उत्तरदाताहरु) ले “दाजुभाइलाई” र ३.७ प्रतिशत (१३ जना उत्तरदाताहरु) ले“परिवारका अन्य सदस्यलाई” पैसा पठाएका थिए । २.३ प्रतिशत (८जना उत्तरदाताहरु) ले चाहि “दिदीबहिनीलाई” पैसा पठाएका थिए । १.१ प्रतिशत (४जना उत्तरदाताहरु) ले आफ्नो “सासुलाई” र फेरि १.१ प्रतिशत (४जना उत्तरदाताहरु) ले नै आफ्ना “ससुरालाई” पैसा पठाउने गरेका थिए ।


Figure 30: नेपालमा पठाइने विप्रेशनको रकम पाउने व्यक्ति




विदेशमा कामगर्दा आफनो कमाईं परिवारको कुन सदस्यलाई पठाउनु हुन्छ भन्ने कुरा सोधिएको थियो। यो विषयमा भएको तथ्यांकलाई हेर्दा अविवाहित उत्तरदाताहरु मध्ये १२ जनाले आफनो बुवालाई, ९ जनाले आफनो आमालाई, ३ जनाले दाजुभाईलाई र १ जना ले चाहीं दिदी बहिनीलाई आफनो पारिश्रमिकको भाग पठाएका थिए।

त्यसैगरी, विवाहित उत्तरदाता मध्ये १५७ जना वा ४८.९ प्रतिशतले आफनो श्रीमान वा श्रीमतीलाई, ७९ जना वा २४.६ प्रतिशतले बुवालाई र ३८ जना वा ११.८ प्रतिशतले आमालाईपठाएका थिए।


Figure 31: नेपालमा पठाइने विप्रेशनको रकम पाउने व्यक्ति र उत्तरदाताको बैवाहिक स्थिति



### ३.३.६ नेपालमा पठाइने विप्रेषणकोरकमको खर्चको निर्णय

आफूले कमाएको पैसालाई खर्च कसरी गर्ने भन्ने कुराको निर्णय गर्ने मानिसको बारे सोध्दा ३३.१ प्रतिशत (११६जना उत्तरदाताहरु) आफ्नो "श्रीमान् अथवा श्रीमतीको" निर्णय हुन्थ्यो भनेका थिए। २५.७ प्रतिशत (१०जना उत्तरदाताहरु) ले "आफैले निर्णय गरेको" भनेका थिए भने २५.४ प्रतिशत (८९जना उत्तरदाताहरु) ले"बुवाले", १२ प्रतिशत (४२जना उत्तरदाताहरु) "आमाले" र ३.७ प्रतिशत (१३जना उत्तरदाताहरु) ले"दाई वा दिदीले" निर्णय गर्ने गरेका भनेका थिए।


Figure 32: नेपालमा पठाइने विप्रेशनको रकमको खर्चको निर्णय




### ३.३.७ नेपालमा पठाइने विप्रेषणकामाध्यम र सो मार्फत पठाउनुका कारणहरु


विदेशबाट पैसा पठाउने माध्यमको बारेमा उत्तरदातालाई सोधिएको थियो। यहि सम्बन्धमा ९२ प्रतिशत (३२२ जना उत्तरदाताहरु) ले "मनि ट्रान्सफर" द्वारा पैसा पठाएका थिए भने ४.६प्रतिशत (१६ जना उत्तरदाताहरु) ले "बैंकबाट", २ प्रतिशत (७ जना उत्तरदाताहरु) ले "हुण्डीबाट" भने १.४ प्रतिशत (५जना उत्तरदाताहरु) ले "नेपाल फर्किरहेका साथीहरु अथवा परिवारका सदस्यहरुसँग" पैसा पठाएका कुरा भनेका थिए।

Figure 33: नेपालमा पठाइने विप्रेशनको माध्यम



सो पैसा पठाउने माध्यम अपनाउनुको कारण सोध्दा ४५.८ प्रतिशत (२८७ जना उत्तरदाताहरु) ले "विश्वासिलो भएकोले", ३३.९ प्रतिशत (२१२ जना उत्तरदाताहरु)"पैसा छिटो पाउने हुनाले", ९.३ प्रतिशत (५८ जना उत्तरदाताहरु) ले "त्यो एउटा मात्र तरिका भएकोले" र ५.८ प्रतिशत (३६ जना उत्तरदाताहरु) ले "त्यो देशबाट पैसा पठाउने अरु तरिका नभएकोले" ती माध्यम प्रयोग गरेको कुराको जानकारी दिएका थिए । साथै ३ प्रतिशत ( १९जना उत्तरदाताहरु) ले "कम खर्च लाग्ने भएकोले" र २.२ प्रतिशत (१४जना उत्तरदाताहरु) ले "पठाउने ठाउँ नजिकै भएकोले" त्यहि माध्यमबाट पैसा पठाएको कुरा भनेका थिए ।


Figure 34: विप्रेशन पठाइने माध्यमको प्रयोगका कारणहरु




### ३.३.८ विप्रेषणनेपालमा पठाउँदा भएका समस्याहरु

विदेशबाट पैसा नेपालमा पठाउँदा आफुले भोगेका र अरुले भोगेका समस्याहरुबारे उत्तरदातालाई सोध्दा २८.० प्रतिशत (१६४जना उत्तरदाताहरु) लाई "पैसा पठाउने ठाउँमा भीड हुने" भएर समस्या परेको भनेका थिए । १९.५ प्रतिशत (११४जना उत्तरदाताहरु) का अनुसार "सानो रकमलाई पनि सर्भिस चार्ज बढी लाग्ने" समस्या को बारेमा बताए । "पैसा पठाउने ठाउँ टाढा भएको वा जानलाई समय लाग्ने"समस्या परेको उत्तरदाताहरुमा १९.३ प्रतिशत (११३जना उत्तरदाताहरु) थिए ।१०.८ प्रतिशत (६३जना उत्तरदाताहरु) को "समयमा पैसा नआउने"बारे बताए भने १.९ प्रतिशत (११जना उत्तरदाताहरु) लाई "पैसा जम्मा गर्न पुग्नु अघि नै पैसा लुटिने" समस्या परेको थियो । १.४ प्रतिशत (८जना उत्तरदाताहरु) लाई "एक लाख भन्दा बढि पैसा झिक्न नै समस्या" परेको थियो । साथै १९.३ प्रतिशत (११३जना उत्तरदाताहरु) ले भने केहि समस्या भोग्नु नपरेको भनेका थिए ।

Figure 35: विप्रेशन नेपालमा पठाउँदा भएका समस्याहरु





### ३.३.९ विप्रेषणनेपालमा पठाउँदा सरकारसँग अपेक्षा

प्रश्नकर्ताले उत्तरदातालाई सरकारले के गरिदिएको खण्डमा बिदेशबाट नेपालमा विप्रेषण सजिलै पठाउँन सकिइन्थ्यो होला भनेर सोधेका थिए । २३.५ प्रतिशत (१४५जना उत्तरदाताहरु) ले "मनि ट्रान्सफरको ब्रान्च गाउँमा नै खोल्नुपर्ने", २३.२ प्रतिशत (१४३जना उत्तरदाताहरु) ले "रकम अनुसारको सर्भिस चार्ज हुनुपर्ने", ११.४ प्रतिशत (७०जना उत्तरदाताहरु) ले "पैसा पठाउने आईडी तुरुन्तै दिनुपर्ने" र ९.४ प्रतिशत (५८जना उत्तरदाताहरु) ले "पैसा निकाल्ने मिमिट राख्न नहुने" सुझाव अघि सारेका थिए । साथै, ७.५ प्रतिशत (४६जना उत्तरदाताहरु) ले "मोबाइल बैंकिङ्ग हुनुपर्ने", ८.६ प्रतिशत (५३जना उत्तरदाताहरु) ले "मनि ट्रान्सफर/ बैंकले घरमा पैसा नपुगेसम्मको ब्याज दिनुपर्ने", १.१ प्रतिशत (७जना उत्तरदाताहरु) ले "कम्पनीले घरमा पैसा पठाउनको लागि एक दिनको छुट्टी दिने" र १.१ प्रतिशत (७जना उत्तरदाताहरु) ले "पैसा पठाउने ठाउँ नजिक भए हुने" भनेका थिए ।

१४.३ प्रतिशत (८८जना उत्तरदाताहरु) ले भने सरकारले के गर्दा हुने "थाहा नभएको" भनेर बताए ।

Figure 36: विप्रेशन नेपालमा पठाउँदा सरकारसँग अपेक्षा




३.३.१० विप्रेषणनेपालमा पठाउँदा सरकारले दिनु पर्ने सुबिधा

विदेशबाट नेपाल पैसा पठाउँदा सरकारले के कस्ता सुविधा दिए राम्रो हुन्छ भन्ने प्रश्नको जवाफमा २३.६ प्रतिशत (९१जना उत्तरदाताहरु) ले पैसा सजिलोसंगपठाउन "गाउँपालिकामा नै मनि ट्रान्सफरको व्यवस्था भए हुन्थ्यो" भनेका थिए । त्यसै गरि १०.६ प्रतिशत (४१ जना उत्तरदाताहरु) ले "सरकारले सेवा शुल्क नलिइदिए हुन्थ्यो", ८.३ प्रतिशत (३२जना उत्तरदाताहरु) ले "भुक्तानी तुरुन्तै हुनुपर्ने", ८.१ प्रतिशत (३१जना उत्तरदाताहरु) ले "सेवा शुल्क कम भईदिए हुन्थ्यो", ७ प्रतिशत (२३जना उत्तरदाताहरु) ले "नेपालको बैंकमा भएको आफ्नै एकाउण्टमा विदेशबाट सिधै पैसा जम्मा गर्न सकिने व्यवस्था", ३.६१ प्रतिशत (१४जना उत्तरदाताहरु) ले "इन्स्योरेन्सको व्यवस्था भइदिए हुन्थ्यो" र ३.४ प्रतिशत (१३जना उत्तरदाताहरु) ले "पैसा पठाएपछि सम्बन्धित व्यक्तिको मोबाईलमा एसएमएस आउने व्यवस्था भएहुन्थ्यो" भन्ने कुरा अगाडि सारेका थिए । २.३ प्रतिशत (९जना उत्तरदाताहरु) ले "बैंकमा पठाएको पैसा आफ्नो मान्छेले नपाएसम्म त्यो पैसाको ब्याज पाउनुपर्ने" भनेका थिए । १ प्रतिशत (४जना उत्तरदाताहरु) ले "सरकारले लगानी गर्ने वातावरण मिलाई दिओस्" भन्ने अपेक्षा गरेका थिए भने ०.८ प्रतिशत (३जना उत्तरदाताहरु) ले "विदेशबाट पठाएको पैसामा कम कर लगाइयोस्" र अर्को ०.८ प्रतिशत (३जना उत्तरदाताहरु) ले "विदेशबाट आफ्नो घरायसी प्रयोजनको लागि ल्याईएको सामानको सरकारले भन्सार छुट गरिदिओस्" भन्ने उत्तर दिएका थिऐ ।

३१.४ प्रतिशत (१२१) उत्तरदाताले भने "सरकारले के सुबिधा दिनु पर्ने भन्ने बारे थाहा नभएको" भनेका थिए ।


Figure 37: विप्रेशन नेपालमा पठाउँदा सरकारले दिनु पर्ने सुबिधा



### ३.३.११ विप्रेषणनेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरबाट पाएको सुबिधा

विदेशबाट विप्रेषणनेपालमा पठाउँदा बैंक वा मनि ट्रान्सफरबाट पाएका सुविधाको बारेमा सोधिएको थियो । ३५० जना उत्तरदाताहरु मध्ये ८४ प्रतिशत (३००जना उत्तरदाताहरु) ले “यसको बारेमा खासै केहि जानकारी नभएको” कुरा व्यक्त गरेका थिए । थाहा भएका उत्तरदाता मध्ये ५.६ प्रतिशत (२०जना उत्तरदाताहरु)सुविधा भन्दा पनि “टि सर्ट” उपहार दिएको बताए । ४८ प्रतिशत (१७जना उत्तरदाताहरु) ले “पैसा घर छिटो पुग्ने”, ३.१ प्रतिशत ( ११जना उत्तरदाताहरु) ले बैंक वा मनि ट्रान्सफरले “जिन्सी उपहार (जस्तै घडी, टोपि, बैल्ट, कलम आदि) दिएका” र १.४ प्रतिशत (५जना उत्तरदाताहरु) ले “नगद उपहार योजना ल्याउने गरेको”कुरा बताएका थिए । “प्रत्येक कारोबार अनुसार सेवा शुल्कमा छुट दिने” र “मोबाईलको सीमकार्ड पनि दिने” गरेको कुरा ०.६ प्रतिशत (२जना उत्तरदाताहरु) ले बताएका थिए ।

Figure 38: विप्रेशन नेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरबाट पाएको सुबिधा




### ३.३.१२ विप्रेषणनेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरले दिनु पर्ने सुविधा

त्यसपछिको प्रश्न चाहि विदेशबाट विप्रेषणपठाउँदा बैंक वा मनि ट्रान्सफरले दिनुपर्ने सुविधाको बारेमा सोधिएको थियो । १६.७ प्रतिशत (६४जना उत्तरदाताहरु) ले "विदेशबाट पठाएको पैसा छिटो र बिना झन्झट नै निकाल्न सकिने", १५.७ प्रतिशत (६०जना उत्तरदाताहरु) ले "नेपालका विभिन्न ठाउँमा पैसा निकाल्नको निम्ति ब्रान्च अफिस खोल्नुपर्ने", ६.५ प्रतिशत (२५जना उत्तरदाताहरु) ले "जिन्सी उपहारको व्यवस्था हुनुपर्ने", फेरि ६.५ प्रतिशत (२५जना उत्तरदाताहरु) ले नै "विदेशबाट पठाइने पैसामा सर्भिस चार्ज कम हुनुपर्ने" र ६ प्रतिशत ( २३जना उत्तरदाताहरु) उत्तरदाताले भने "एउटै मनि ट्रान्सफर वा बैंक प्रयोग गर्नेका लागि चाहि टिभी, मोबइल जस्ता अफरहरु हुनुपऱ्यो" भनेर सुझाव दिएका थिए ।

यसैगरि, "रेमिट्यान्सको बचतमा ब्याज बढि दिनुपर्ने" मा २.९ प्रतिशत (११जना उत्तरदाताहरु) र फेरी "विदेशबाट पैसा पठाइसकेपछि नेपालमा बस्ने आफन्तले एसएमएस पाउने सुविधा होस" भन्ने उत्तरदाता पनि २.९ प्रतिशत (११जना उत्तरदाताहरु) थिए । २.६ प्रतिशत (१०जना उत्तरदाताहरु) ले "पैसा निःशुल्क पठाउनुपर्ने व्यवस्था हुनुपर्ने" कुरा व्यक्त गरेका थिए ।

यसै सन्दर्भमा "सधैं त्यहि एउटै मनि ट्रान्सफर वा बैंक प्रयोग गर्नेलाई सर्भिस चार्ज कम गर्नु पर्ने", "कम्तीमा पनि वर्षमा दुई पटक पैसा पठाउँदा निःशुल्क पठाउन पाईने" र "विदेशबाट पठाएको पैसाको इन्स्योरेन्स गरिदिनुपर्ने", भन्ने जस्ता प्रत्येक सुझाव र माग २.३ प्रतिशत (९जना उत्तरदाताहरु) ले बताएका थिए । अर्कोतिर मनि ट्रान्सफरले दिनुपर्ने थप सुविधाहरु खास "केहि पनि नभएको" १४.४ प्रतिशत (५५जना उत्तरदाताहरु) ले भनेका थिए । यसैगरि यो विषयको बारेमा "थाहा नभएको वा भन्न नसकेका" उत्तरदाताको संख्या १५.७ प्रतिशत (६०जना उत्तरदाताहरु) थियो ।

Figure 39: विप्रेशन नेपालमा पठाउँदा बैकं वा मनिट्रान्सफरले दिनु पर्ने सुबिधा




## ३.४ वैदेशिक रोजगारीमा हुँदा घर पठाएको विप्रेशन

### ३.४.१ ` विप्रेषणको उपयोग

विदेशमा रहँदा विदेशबाट कमाएर घर पठाएको पैसा प्रमुख के के कुरामा खर्च गरेको कुराको विवरण उत्तरदातासँग सोधिएको थियो । सो मा १६.१ प्रतिशत (३३५जना उत्तरदाताहरु) ले “घरमा हुने दैनिक खर्चको लागि”, १५.५ प्रतिशत (३२४जना उत्तरदाताहरु) ले “औषधि उपचारको लागि”, १४.६ प्रतिशत (३०४जना उत्तरदाताहरु) ले “विदेश जाँदाको ऋण तिर्नको निमित्त”, १३.६ प्रतिशत (२८३जना उत्तरदाताहरु) ले “पढाईमा”, ९ प्रतिशत (१८७जना उत्तरदाताहरु) द्वारा “विवाह, उत्सव, सुन किन्ने आदि कामको लागि”, ७.३ प्रतिशत ( १५३जना उत्तरदाताहरु) ले “अरु ऋण तिर्न”, ५.७ प्रतिशत (११८जना उत्तरदाताहरु) ले “बैंक सहकारी आदिमा बचतको नाममा जम्मा गरेका” र ४.८ प्रतिशत (१०१जना उत्तरदाताहरु) उत्तरदाताले “टिभी, फ्रिज, मोबाइल जस्ता उपभोग गर्ने समानमा पैसा खर्च गरेको” बताएका थिए ।

त्यसै गरि ३.९ प्रतिशत (८२जना उत्तरदाताहरु) ले “नयाँ घर बनाउन”, ३.९ प्रतिशत (८१जना उत्तरदाताहरु) ले “जग्गा किन्न”, ३.७ प्रतिशत (७७जना उत्तरदाताहरु) ले “घरको मर्मत गर्नको निम्ति”, १ प्रतिशत (२१जना उत्तरदाताहरु) ले “भइरहेको व्यापारलाई बढाउन” र १ प्रतिशत (२०जना उत्तरदाताहरु) ले “नयाँ व्यापार शुरु गर्नको लागि” पैसा खर्च गरेको भन्नु भएको थियो ।

Figure 40: विप्रेषणको उपयोगको अवस्था




### ३.४.२ घर पठाएको रकमबाट किनेको जग्गा

**प्रश्नकर्ताले विदेशबाट पठाएको पैसाले जग्गा किनेका ८१ उत्तरदाताहरुलाई किनेको जग्गाको अवस्थितिको बारेमा सोधेका थिए ।**

**५७ प्रतिशत (४९जना उत्तरदाताहरु) ले "आफ्नै गाउँमा" जग्गा किनेका थिए । २०.९ प्रतिशत (१८जना उत्तरदाताहरु) ले "गाउँ छेउको गाडी पुग्ने ठाउँमा" किनेका थिए, १८.६ प्रतिशत (१६जना उत्तरदाताहरु) ले "हाईवे/राजमार्ग नजिकको" जग्गा किनेका थिए भने ३.५ प्रतिशत (३जना उत्तरदाताहरु) उत्तरदाताले "जिल्लाको सदरमुकाममा वा त्यसको नजिकको जग्गा"किनेका थिए।**

Figure 41: घर पठाएको रकमबाट किनेको जग्गा




## ३.५ वैदेशिक रोजगारीमा हुँदा गरेका काम र सिकेका सीप

### ३.५.१ वैदेशिक रोजगारीको सिलसिलामा सिकेको अनुभव

उत्तरदातालाई वैदेशिक रोजगारीको लागि विदेशमा बस्दा गरेका काम र सिकेको सीपको बारेमा प्रश्न सोधिएको थियो । सो विषयमा ५१.१ प्रतिशत (१७९जना उत्तरदाताहरु) ले "प्राविधक सीप" सिकेका थिए भने १५.४ प्रतिशत (५४जना उत्तरदाताहरु) ले "सीप बिनाको काम" गरेका थिए ।

त्यस्तै १४.३ प्रतिशत (५०जना उत्तरदाताहरु) उत्तरदाताले "होटल व्यवसायमा गरिने काम" र ४.९ प्रतिशत ( १७जना उत्तरदाताहरु) ले भने "व्यापार व्यवसायमा गरिने काम" सिकेको कुरा भनेका थिए । त्यस्तै ४.६ प्रतिशत (१६जना उत्तरदाताहरु) ले "सुरक्षा गार्डको काम" र ३.४प्रतिशत (१२जना उत्तरदाताहरु) ले भने "घरेलु काम" गरेका थिए ।६.३ प्रतिशत (२२जना उत्तरदाताहरु) ले भने "केही पनि नसिकेको" भनेका थिए ।

Figure 42: वैदेशिक रोजगारी गरेका वा सिकेका काम



३.५.२ सिकेका सीप

विदेशमा रोजगारीको लागि जाँदा उत्तरदाताले विभिन्न किसिमको काम गरेका थिए । सबैभन्दा धेरै ११.९ प्रतिशत (५७जना उत्तरदाताहरु) ले "विभिन्न प्रकारका खानाका परिकार बनाउन" सिकेका थिए । ११ प्रतिशत (५३जना उत्तरदाताहरु) ले "घर, टेबल, झ्याल डोका, अफिस, बगैंचा आदि सफा गर्ने", १० प्रतिशत (४८जना उत्तरदाताहरु) ले "गाडि चलाउने", ४.४ प्रतिशत (२१जना उत्तरदाताहरु) ले "कार्पेन्टरको काम", ४ प्रतिशत ( १९जना उत्तरदाताहरु) ले "इलेक्ट्रीशनको काम" र ३.८ प्रतिशत (१८जना उत्तरदाताहरु) ले नै "प्लम्बरको काम" सिकेका थिए ।

साथै "आधुनिक किसिमका घर र बिल्डिङ्ग बनाउन मिस्त्रीको काम" ४ प्रतिशत (१७जना उत्तरदाताहरु) ले, "कन्सट्रक्शनको काम" ४ प्रतिशत (१७जना उत्तरदाताहरु) ले र "सेक्युरिटी गार्डको काम" ३ प्रतिशत (१६जना उत्तरदाताहरु) ले सिकेका थिए । "केहि पनि सिकिन" भन्ने ४.४ प्रतिशत (२१ जना उत्तरदाताहरु) थिए ।


विदेश बस्दा सिकेका कामको सन्दर्भमा अझ बिस्तृत रुपमा विश्लेषण गरिएको थियो ।

विभिन्न किसिमका कामहरुको विवरण बनाईएको ` थियो । "गोदाममा सामानहरु मिलाएर राख्ने" (१५जना उत्तरदाताहरु), "बिग्रीएको मेशीन बनाउने" (१५जना उत्तरदाताहरु), "सेल्सको काम" (१४जना उत्तरदाताहरु), "पेन्टिङ्ग गर्ने" (१२जना उत्तरदाताहरु), "कृषिको लागि विषदीको मात्रा मिलाउने" (११जना उत्तरदाताहरु), "वासिङ्ग मेशीनमा लुगा धुने" (८जना उत्तरदाताहरु) र "मेसिन चलाएर काम गर्ने" (८जना उत्तरदाताहरु) सिकेका थिए ।

यसैगरी"वेटरको काम" (८ जना उत्तरदाताहरु), "जनावरलाई स्याहार सुसार गर्ने" (७ जना उत्तरदाताहरु), "स्काफ फोलडिङ्ग गर्ने" (७ जना उत्तरदाताहरु), "लोड अनलोडको काम" (७ जना उत्तरदाताहरु), "बुढाबुढीलाई स्याहार सुसार गर्ने" (७ जना उत्तरदाताहरु) र "वेल्डीङ्ग गर्ने" (७ जना उत्तरदाताहरु) जनाले सिकेका थिए ।

यसैगरी"एकाउन्टेन्ट" (७ जना उत्तरदाताहरु), "प्लास्टीकबाट ग्लास, प्लेट बनाउने" (७ जना उत्तरदाताहरु), "टेलरिङ्गको काम" (५ जना उत्तरदाताहरु), "विदेशको भाषा" (५ जना उत्तरदाताहरु), "कम्प्युटर चलाउने" (५), "टायर पंचर टाल्ने काम" (५जना उत्तरदाताहरु) र "आगलागी भएको बेला आगो निभाउने काम" (४ जना उत्तरदाताहरु) जनाले सिकेका थिए ।साथै ४ जनाले हाउस"किपीङ्गको काम", "कपडामा आईरन लगाउने" (४ जना उत्तरदाताहरु), "कपाल काट्ने" (४ जना उत्तरदाताहरु), "साबुन-सेम्पु बनाउने" (३ जना उत्तरदाताहरु), "ग्याँस प्लान्ट बाट ग्याँस भर्ने काम" (३ जना उत्तरदाताहरु) र "मोबाइल सम्बन्धी" (३ जना उत्तरदाताहरु) काम गरेका थिए ।

Figure 43: सिकेका सीप




## ३.६ वैदेशिक रोजगारीबाट फर्केपछि

### ३.६.१ घर फर्किदालिएको पारिश्रमिक

वैदेशिक रोजगारीमा विदेश गएका उत्तरदाताहरु घर फर्किदा आफूले कमाएको पैसाको कति भाग लिएर फर्किएको भनेर प्रश्नकर्ताले सोधेका थिए । सो सन्दर्भमा ३७.४ प्रतिशत (१३१जना उत्तरदाताहरु) ले "एकदम थोरै" रकम फिर्ता लिएर आए, २८ प्रतिशत (९७जना उत्तरदाताहरु) ले "आधा भन्दा कम" फिर्ता लिएर आए, १७ प्रतिशत ( ५९जना उत्तरदाताहरु) ले "आधा जति" फिर्ता लिएर आए, १३ प्रतिशत (४४जना उत्तरदाताहरु) ले "आधा भन्दा बढी" र ५ प्रतिशत (१९जना उत्तरदाताहरु) उत्तरदाताले"धेरै जसो"पारिश्रमिक फिर्ता ल्याएको बताएका थिए ।


Figure 44: घर लिएर आएको पारिश्रमिक




### ३.६.२ पारिश्रमिक घर लिएर आएको माध्यम

प्रश्नकर्ताले उत्तरदातालाई विदेशबाट फर्किदा कुन माध्यमबाट पैसा घर ल्याएका भनेर प्रश्न सोधका थिए । ५९.३ प्रतिशत (२१९जना उत्तरदाताहरु) ले "आफै लिएर" आएका, ३८.२ प्रतिशत (१४१जना उत्तरदाताहरु) ले "मनि ट्रान्सफर मार्फत", २.२ प्रतिशत (८जना उत्तरदाताहरु) ले "बैंकबाट" र जम्मा ०.३ प्रतिशत (१जना उत्तरदाता) ले "हुण्डीबाट" लिएर आएको कुरा गरेका थिए ।

Figure 45: पारिश्रमिकघर लिएर आएको माध्यम




### ३.६.३ स्वदेश फर्किदा लिएको रकमबाट भएका प्रमुख खर्चहरु

घर फर्केर आइसकेपछि खर्च गरिएका क्षेत्रहरुको बारेमा उत्तरदातासँग सोधिएको थियो । त्यस विषयमा ९३.७प्रतिशत (३२८जना उत्तरदाताहरु) ले "घरमा हुने दैनिक खर्चमा", ८३.७ (२९३जना उत्तरदाताहरु) ले "औषधि / उपचारको लागि" र ७३.४ प्रतिशत (२५७जना उत्तरदाताहरु) ले "पढाईको निमित्त" खर्च भएको बताएका थिए । ३९.१ प्रतिशत (१३७जना उत्तरदाताहरु) ले "विवाह, अरु उत्सव, सीम मूलक ट्रेनिङ्ग आदिको निमित्त" खर्च भएको बताएका थिए । थप अरु खर्चहरुमा ३२.३ प्रतिशत (११३जना उत्तरदाताहरु) ले "टिभी, फ्रिज, मोबाइल, रेडियो आदिमा", २२ प्रतिशत (७७जना उत्तरदाताहरु) ले "घर मर्मत गर्न", २१.७ प्रतिशत (७६जना उत्तरदाताहरु) ले "नयाँ व्यापार व्यवसाय शुरु गर्न" र १८.९ प्रतिशत (६६जना उत्तरदाताहरु) "बैंक, सहकारी आदिमा बचत गरि जम्मा गरेका" थिए ।


१५.७ प्रतिशत (५५जना उत्तरदाताहरु) उत्तरदाताले "अरु ऋण तिर्ने काम", १५.४ प्रतिशत (५४जना उत्तरदाताहरु) ले "नयाँ घर बनाउन", ६.६ प्रतिशत (२३जना उत्तरदाताहरु) ले "विदेश जाँदा लिएको ऋण तिर्न", ५.४ प्रतिशत (१९जना उत्तरदाताहरु) ले "भइरहेको व्यापारलाई बढाउने साथै अरु लगानी गर्नको लागि" र ४.६ प्रतिशत (१६जना उत्तरदाताहरु) ले "जग्गा किन्नको लागि" विदेशबाट कमाएको पैसा खर्च गरेका थिए ।

Figure 46: लिएर आएको पारिश्रमिकबाट भएका प्रमुख खर्चहरु



**विदेशमा रहँदा हुने घरको खर्च र विदेश बाट फर्के पछि भएका खर्चहरुलाई तुलना गरेर हेरिएको थियो । यसरी तुलना "विदेश जाँदा लिएको ऋण तिर्न" खर्च अत्याधिक मात्रामा विदेशमा रहँदा हुने खर्चमा पाईयो । "बचत गर्न (जस्तैः बैक, बित्तीय संस्था, ऋण तथा बचत संस्था, सहकारी, समूह, ढिकुरी वा ढुकुटी, आदि)" कुरामा बिदेशमा रहँदा पठाएको पैसाको बढी बचत हुन्थ्यो भन्ने देखियो । "नयाँ व्यापार/व्यवसाय सुरु गर्न" भने बिदेशबाट ल्याएको रकमबाट भइरहेको पाइयो ।समग्रमा हेर्दा घरको खर्च घरमा हुने दैनिक खर्च, पढाई र औषधी उपचार विदेशमा रँहदा र फर्के पछि पनि उस्तै उस्तै रहेको पाइयो ।**

Figure 47: विदेशमा रहँदा हुने खर्चहरु र विदेश बाट फर्के पछि भएका खर्चहरु




### ३.६.५ जग्गा किनेर भएको खर्च

**विदेशबाट फर्किएपछि आफुसँगै ल्याएकोपारिश्रमिकले १६ जना उत्तरदाताहरुले जग्गा किनेका थिए । सो सन्दर्भमा ३.४ प्रतिशत (१२ जना उत्तरदाताहरु) ले "आफ्नै गाउँमा", ०.६ प्रतिशत (२जना उत्तरदाताहरु) ले "गाउँ छेउको गाडी पुग्ने ठाउँमा", ०.३ प्रतिशत (१जना उत्तरदाता) ले "हाईवे/राजमार्गको नजिक" र ०.३ प्रतिशत (१जना उत्तरदाता) ले "जिल्ला सदरमुकाम वा यसको नजिकमा" जग्गा किनेका थिए ।**

## ३.७ वैदेशिक रोजगारीबाट फर्केपछि जीवनस्तरमा भएका परिवर्तनहरु

### ३.७.१ जीवनस्तरमा भएका सकरात्मक परिवर्तनहरु

वैदेशिक रोजगारीबाट फर्केपछि समाजमा सामुदायिक र आर्थिक रुपमा महसुस गरिएको र देखिएको सकारात्मक परिवर्तनको बारेमा उत्तरदाताहरुसँग सोधिएको थियो ।

सो सन्दर्भमा "समाजले हेर्ने नजरमा परिवर्तन आयो" भन्ने कुरामा ७१.७ प्रतिशत उत्तरदाताहरु "सहमत" थिए भने ७.१ प्रतिशत "एकदमै सहमत" थिए । २०.९ प्रतिशत उत्तरदाताहरु "असहमत" थिए भने ०.३ प्रतिशत "एकदमै असहमत" थिए । समग्रमा "सहमत" हुने "एकदमै सहमत" हुने दुबै गरेर "समाजले हेर्ने नजरमा परिवर्तन आयो" भन्ने कुरामा सहमत हुने उत्तरदाताहरु ७८.८ प्रतिशत थिए ।

त्यस्तै "स्वास्थ्य उपचार राम्रा अस्पतालमा गर्न थालियो" भन्ने विवरणमा ७५.७ प्रतिशत "सहमत" र ४.६ प्रतिशत "एकदमै सहमत" थिए । यसै सन्दर्भमा १९.१ प्रतिशत "असहमत"र ०.६ प्रतिशत "एकदमै असहमत" थिए । समग्रमा "सहमत" हुने "एकदमै सहमत" हुने दुबै गरेर "स्वास्थ्य उपचार राम्रा अस्पतालमा गर्न थालियो" भन्ने कुरामा सहमत हुने उत्तरदाताहरु ८०.३ प्रतिशत थिए ।

"परिवारका सदस्यहरुले पौष्टिक आधार खान पाउन थाले"भन्ने कुरामा चाहि ६९.७ प्रतिशत "सहमत" र २.९ प्रतिशत "एकदमै सहमत"थिए । २७.१ प्रतिशत "असहमत" र ०.३ प्रतिशत चाहि "एकदमै असहमत" थिए । समग्रमा "सहमत" हुने "एकदमै सहमत" हुने दुबै गरेर "परिवारका सदस्यहरुले पौष्टिक आधार खान पाउन थाले" भन्ने कुरामा सहमत हुने उत्तरदाताहरु ७२.६ प्रतिशत थिए ।

"छोराछोरी लाई राम्रो स्कूलमा भर्ना गरियो" भन्ने कुरामा ५७.४ प्रतिशत उत्तरदाताहरु "सहमत" थिए भने ५.४ प्रतिशत "एकदमै सहमत" थिए । साथै ३३.१ प्रतिशत "असहमत" र ४ प्रतिशत "एकदमै असहमत" देखिएका थिए । समग्रमा "सहमत" हुने "एकदमै सहमत" हुने दुबै गरेर "छोराछोरी लाई राम्रो स्कूलमा भर्ना गरियो" भन्ने कुरामा सहमत हुने उत्तरदाताहरु ६२.८ प्रतिशत थिए भने "असहमत" हुने "एकदमै असहमत" हुने दुबै गरेर ३७.१ प्रतिशत थिए ।

त्यस्तै "राम्रा कपडा मेकअपका सामान तथा गरगहना किनियो" भन्ने कुरामा ५८ प्रतिशत "सहमत" र २ प्रतिशत "एकदमै सहमत" थिए । साथै ३९.७ प्रतिशत "सहमत" र ०.३ प्रतिशत "एकदमै असहमत" थिए । समग्रमा ६० प्रतिशत "सहमत" तिर र ४० प्रतिशत "असहमत" तिर थिए ।


"महँगा सामान खरिद गरि प्रयोग गर्न थालियो" भन्ने परिपेक्षमा भने ४८.९ प्रतिशत "सहमत" र३.७ प्रतिशत "एकदमै सहमत" थिए । दुबै जोडेर सहमत हुनेहरु ५२.६ प्रतिशत थिए । यसैमा ४२.३ प्रतिशत "असहमत " र ५.१ प्रतिशत "एकदमै असहमत" थिए । दुबै असहमत जोड्दा ४७.४ प्रतिशत थिए ।

"नयाँ घर बनाइयो" भन्ने सन्दर्भमा ४६.० प्रतिशत "असहमत" र १७.१ प्रतिशत "एकदमै असहमत" थिए । दुबै असहमत जोड्दा ६३.१ प्रतिशत थिए भने सोहि कुरामा २२.३ प्रतिशत "सहमत" र १४.६ प्रतिशत "एकदमै सहमत" थिए ।

"व्यापार व्यावसाय गर्न थालियो" भन्ने कुरामा भने ५५.७ प्रतिशत "असहमत" र१२.६ प्रतिशत "एकदमै असहमत" थिए । २६ प्रतिशत "सहमत" र ५.७ प्रतिशत "एकदमै सहमत" देखिएका थिए ।

**अन्तिममा “जग्गा जमिन खरिद गरी उत्पादन बढाइयो”भन्ने सन्दर्भमा ५४ प्रतिशत “असहमत” र २०प्रतिशत “एकदमै असहमत” थिए भने १९.४ प्रतिशत “सहमत” र ६.६ प्रतिशत “एकदमै सहमत” थिए ।**

Figure 48: वैदेशिक रोजगारी बाट फर्केपछि जीवनस्तरमा भएका सकरात्मक परिवर्तनहरु



३.७.२ नकारात्मक परिवर्तनहरु

उत्तरदातालाई विप्रेषणको कारण अथवा आर्थिक स्थिति मजबुत भएपछि पनि आएका नकारात्मक परिणामको बारेमा सोधिएको थियो ।

प्रश्नकर्ताले पाँच वटा वाक्यहरु पढेर सुनाएर ती वाक्यहरुमा सहमति अथावा असहमति जनाउनको लागि उत्तरदाता सँग अनुरोध गरेका थिए । धेरै उत्तरदाता यी नकारात्मक प्रभावले समाजमा बढेको छ भन्ने कुरामा सहमत देखिन्थे ।

५२.२ प्रतिशत (१८५जना उत्तरदाताहरु) ले विदेश बाट पठाएको रकम "मोजमस्ति गरेर अनावश्यक पैसा खर्च गर्ने प्रवित्ति भएको"मा सहमत थिए । यो कुरामा असहमति २७.७ प्रतिशत (९७जना उत्तरदाताहरु) को थियो साथै ५.७ प्रतिशत (१७जना उत्तरदाताहरु) ले "थाहा छैन" भनेर जवाफ दिएका थिए ।


विप्रेषणले निम्त्याएको नकारात्मक पक्षहरु मध्ये "अत्याधिक मदिरा सेवन" पनि व्यापक रुपमा भेटिएको थियो । ५०.३ प्रतिशत (१७६जना उत्तरदाताहरु) ले यो विवरण सँग सहमत थिए भने ३१.४ प्रतिशत (१०जना उत्तरदाताहरु) असहमत थिए । त्यसैगरी ७.४प्रतिशत (२६जना उत्तरदाताहरु) "एकदमै असहमत" देखिएका थिए र "एकदमै सहमत" भन्ने उत्तरदाताहरु ५.१ प्रतिशत (१८जना उत्तरदाताहरु) को एकाग्रतामा थियो । ५.७ प्रतिशत ( २०जना उत्तरदाताहरु) ले यो विषयमा "थाहा छैन" भनेका थिए ।

अर्को विकृति "परपुरुष वा परस्त्री सँगको सम्बन्धले पारिवारिक विखण्डन भएको" बारेमा उत्तरदाताको बिचार सोधिएको थियो । सो सर्न्दर्भमा ४८.३ प्रतिशत (१६९जना उत्तरदाताहरु) "सहमत", २६ प्रतिशत (९१जना उत्तरदाताहरु) "असहमत", ११.१ प्रतिशत (३९जना उत्तरदाताहरु) "एकदमै सहमत" र ९.१ प्रतिशत (३२जना उत्तरदाताहरु) "एकदमै असहमत" देखिएका थिए । ५.४ प्रतिशत (१९जना उत्तरदाताहरु) ले यो विषयमा "थाहा छैन" भनेर आफ्नो विचार प्रस्तुत गरेका थिए ।

नकारात्मक प्रभावहरुमध्ये उत्तरदातासँग "महिलाहरुसँग हुने घरेलु हिंसाको" बारेमा सोधिएको थियो । ४३.७ प्रतिशत (१५३जना उत्तरदाताहरु) यो विवरणसँग "सहमत" थिए । ३६.३ प्रतिशत (१२७जना उत्तरदाताहरु) "असहमत" थिए, ८.६ प्रतिशत (३०जना उत्तरदाताहरु) "एकदमै असहमत" थिए भने ३.४ प्रतिशत (१२जना उत्तरदाताहरु) चाही यो कुरामा "एकदमै सहमत" देखिएका थिए । त्यसैगरी यो विषयमा "थाहा छैन" भन्ने ८ प्रतिशत (२८जना उत्तरदाताहरु) थिए ।

त्यसैगरी विप्रेषणको नकारात्मक पक्ष स्वरुप "पुरुषहरुसँग हुने घरेलु हिंसाको"बारेमासोधिएकोथियो । यो विषयमा ४२.प्रतिशत (१४७जना उत्तरदाताहरु) "असहमत" थिए । ३४.३ प्रतिशत (१२०जना उत्तरदाताहरु) "सहमत थिए । १० प्रतिशत (३५जना उत्तरदाताहरु) "एकदमै असहमत" र १. ७ प्रतिशत (६जना उत्तरदाताहरु) "एकदमै सहमत" थिए । यहि सन्दर्भमा "थाहा छैन" भन्नेको संख्या १२ प्रतिशत (४२जना उत्तरदाताहरु) थियो ।

Figure 49: वैदेशिक रोजगारी बाट फर्केपछि जीवनस्तरमा भएका नकरात्मक परिवर्तनहरु



## ३.८ हालको अवस्था

### ३.८.१ हाल गरिरहेका कामहरु


प्रश्नकर्ताले उत्तरदातालाई वैदेशिक रोजगार पूरा गरेर फर्किसकेको हुनाले अहिलेको समयमा केहि काम गरिरहेको र केहि काम नगरेको भए भविष्यमा के काम गर्ने सोचमा हुनुहुन्छ भनेर सोधेका थियौं ।

२९.७ प्रतिशत (११०जना उत्तरदाताहरु) ले "नयाँ व्यवसाय शुरु गर्ने वा गरिसकेको" जानकारी दिएका थिए । २४.१ (८९जना उत्तरदाताहरु) "केहि निर्णय नगरेको", १७.८ प्रतिशत (६६जना उत्तरदाताहरु) ले "कृषिमा संलग्न हुने" र ७.६ प्रतिशत (२८जना उत्तरदाताहरु) ले "अहिलेको चलिरहेको व्यवसायमा थप लगानी गर्ने"लक्ष्य रहेकोबताएका थिए ।

३.८ प्रतिशत (१४जना उत्तरदाताहरु) ले "मजदुरी गर्ने", ३.८ प्रतिशत (१४जना उत्तरदाताहरु) ले "गाडी चालक हुने", ३.५ प्रतिशत (१३जना उत्तरदाताहरु) ले "सरकारी कार्यालय, एनजिओ, रेष्टुरेण्ट आदिमा जागिर खाने", ३.२ प्रतिशत (१२जना उत्तरदाताहरु) ले "घर बनाउने ठेक्का लिने", १.४ प्रतिशत (५जना उत्तरदाताहरु) उत्तरदाताले "फर्निचर बनाउने कार्पेन्टरको काम अपनाउने" र १.१ प्रतिशत (४जना उत्तरदाताहरु) ले चाहि "इलेन्ट्रीशनको काम गर्ने" कुरा अघि बढाए ।

ती वाहेक धेरै काम उत्तरदाताहरुले "सुन बनाउन कालिगढ", "प्लम्बर", "डकर्मी", "जजमानि वा पुरोहीतको काम", "कुखुरा पालन", "गलैचा बुन्ने काम", "व्युटीपालर", "मेशिन अपरेटर", "गुडिया बनाउने काम" र सेक्युरिटी गार्डको काम गरेको व्यक्त गरे ।

Figure 50: हाल गरिरहेका कामहरु




### ३.८.२ नयाँ व्यापार/व्यवसाय शुरु गर्ने सोच

११० उत्तरदाताहरुलाई आफ्नै नयाँ व्यापार/ व्यवसाय वा सघं संस्था शुरु गर्ने सोच भए कुन क्षेत्रमा शुरु गर्नेबारे सोधेका थियौं । २१.७ प्रतिशतले (३०जना उत्तरदाताहरु) "कुखुरा पालन" गर्ने, १३ प्रतिशत (१८जना उत्तरदाताहरु) ले "भइरहेको किराना पसलमा लगानि गरेर बढाउने", ११.६ प्रतिशतले (१६जना उत्तरदाताहरु) "होटेल व्यवसाय खोल्ने", १०.९ प्रतिशत (१५जना उत्तरदाताहरु) ले ड्राइभिङ्गको काममा संलग्न हुने र ८.७ प्रतिशत (१२जना उत्तरदाताहरु) ले "किराना पसल खोलेको" भनेर उत्तर दिएका थिए ।

त्यसै गरी ५.१ प्रतिशत (७जना उत्तरदाताहरु) ले "यातायात व्यवसाय" सुरु गरेको, ४.३ प्रतिशतले (६जना उत्तरदाताहरु) ले "फेन्सी/कस्मेटिक पसल वा पार्लर खोलेको", ३.६ प्रतिशत (५जना उत्तरदाताहरु) ले "कारपेन्टरको काम गर्ने", अर्को ३.६ प्रतिशत (५जना उत्तरदाताहरु) ले "वर्कशप खोल्ने", २.९ प्रतिशत (४जना उत्तरदाताहरु) ले "सिलाई - बुनाईको व्यवसाय शुरु गर्ने" र अर्को २.९ प्रतिशत ले "ठेक्का पट्टाको काम गर्ने" भनेका थिए ।

यी बाहेक अरु थोरैले "आधुनिक तरिकाले खेति गर्ने", "स्कूलमा चमेना गृह खोलेको", "इलेक्ट्रिक पसल","ठेला खानेकुरा बेच्ने पसल", "स्पेयर पार्टसको व्यापार गर्ने", "हार्डवेरको पसल खोल्ने", "धान कुट्ने मिल चलाउने", "ग्रिल उद्योग खोल्ने", "प्लम्बरको काम गर्ने", "जुत्ताको व्यापार" र "सुन चादी सिल" चलाउने कुरा गरेका थिए ।

Figure 51: नयाँ व्यापार/व्यवसाय शुरु गर्ने सोच




### ३.८.३ सो क्षेत्र छनौट गर्नुका कारणहरु

उत्तरदाताले संलग्न भएका क्षेत्रहरुमा नै काम गर्नुको  कारणहरु बारे सोधिएको थियो। ४३.६ प्रतिशतले (१२५जना उत्तरदाताहरु) "आफुले जानेको पेशा नै सवारी चालक भएको गर्दा"ड्राइभर भएको भनेका थिए। सोही सन्दर्भमा १६.४ प्रतिशत (४७जना उत्तरदाताहरु) ले हार्डवेयरको व्यपार व्यवसाय घाटामा नजाने भएकाले, ९.८ प्रतिशत (२८जना उत्तरदाताहरु) ले "खेती गर्न जग्गा -जमिन प्रशस्त भएकाले" ७ प्रतिशत (२०जना उत्तरदाताहरु) ले "पूजीको कामले" ५.९ प्रतिशत (१७जना उत्तरदाताहरु) ले "मजदुरी गर्नु वाहेक अन्य सीप नभएकाले"र फेरी ५.९ प्रतिशत (१७जना उत्तरदाताहरु) ले नै "पूर्खेली कामलाई निरन्तरता दिन" को निम्ति ति क्षेत्रमा नै काम गरेका भनेका थिए। सँगसँगै ४.२ प्तिशत (१२जना उत्तरदाताहरु) ले "किराना पसलबाट दैनिक आम्दानी हुने भएकाले" र ३.१ प्रतिशत (९जना उत्तरदाताहरु) ले "कुखुरा पालन बाट रोजगार सृर्जना गर्ने उदेश्यले" गर्दा ती क्षेत्रमा लागेका कुरा बढाएका थिए।

यी बाहेक उत्तरदाताले भने "आफु सँग  सम्वन्धित काम भएकाले गर्दाराम्रो कमाइ भई जीवन स्तरमा सुधार आउने भएकाले", "कुकिङ सम्बन्धि सीप भएकाले गर्दा", "गाडी व्यवसायको माग बढी हुने भएकाले", "ग्रिल सम्बन्धी काममा दक्ष भएकाले" र "जुत्ता-चप्पल सम्बन्धी सीप भएकाले" आफुले काम गर्ने क्षेत्रमा सामेल भएको जानकारी दिएका थिए।

Figure 52: सो क्षेत्र छनौट गर्नुका कारणहरु



### ३.८.४ विदेश र स्वदेशमा पाईने पारिश्रमिक

उत्तरदाताहरुलाई विदेशमा पाईने पारिश्रमिकर नेपालमा पाईने पारिश्रमिकलाई कसरी दाँज्नु हुन्छ भनी सोधिएको थियो । सो सन्र्दभमा ५३ प्रतिशत (१८५जना उत्तरदाताहरु) ले“विदेशको कमाई बढी”भन्ने जवाफ दिएका थिए । यस्तै गरि ३४प्रतिशत (१२१जना उत्तरदाताहरु) ले “नेपालर विदेशको कमाई उस्तै”, ७ प्रतिशत (२३ जना उत्तरदाताहरु) ले “विदेशको कमाइकम” र ६ प्रतिशत (२१जना उत्तरदाताहरु) उत्तरदाताले  “विदेशको कमाई एकदमै बढी” भन्ने जवाफ दिएका थिए ।






Figure 53: विदेश र स्वदेशको कमाई

विदेशमा बस्दाको पारिश्रमिक र नेपालमा गर्ने कामबाट हुने पारिश्रमिकलाई दाँज्दा गएको देश अनुसारतथ्यांकलाई मूल्याँकन गरिएको थियोसो सम्बन्धमा मलेसिया गएका १०३ जना मध्ये “विदेशको कमाईं बढ़ी” भन्ने ५० जना र “नेपाली र विदेशको कमाईं उस्तै” भन्ने ३६ जना थिएयु.ए.ई गएका ३२ मध्ये “विदेशको कमाईं बढ़ी” भन्ने १७ र “नेपाल र विदेशको कमाईं उस्तै” भन्ने ११ जनाथिए।

त्यसैगरी कतार गएका ९३ जना मध्ये ४९ जनाले “विदेशको कमाईं बढ़ी” र ३२ जनाले “नेपाल र विदेशकोकमाईं उस्तै” भनेका थिए। साउदी अरब वैदेशिक रोज़गारीको निमित्त गएका ७७ जना मध्ये “विदेशको कमाईं बढ़ी” भन्नेहरू ४४जना र “नेपाल र विदेशको कमाईं उस्तै” भन्ने चाहीं २६ जना थिएत्यसैगरी कुवैतमा गएका २२ जना मध्ये “विदेशको कमाईं बढ़ी” भन्नेमा १३ जना र “नेपाल र विदेशको कमाई उस्तै” भन्नेमा ६ जना उत्तरदाताहरु थिए।

Figure 54: विदेश र स्वदेशको कमाई र अन्तिम पटक गएको देश




### ३.८.५ महत्वपुर्ण लाग्ने बिषयहरु र सो को सन्तुष्टी

उत्तरदाताहरुलाई केहि बिषयहरुमा उँहाहरुको बिचार जान्ने प्रयास गरिएको थियो । यी बिषयहरुको महत्व र सोहि बिषयहरुमा उँहाहरुको सन्तुष्टी बारे केहि प्रश्नहरु सोधिएको थियो । बिषयहरुमा व्यापार/व्यवसाय बारेको जानकारी पाउनु/ पाएको, ऋणमा पहुँच हुनु/ भएको, ट्रेनिङ/तालिम पाउनु/ पाएको, प्राविधिक सहयोग पाउनु/ पाएको र सीप अनुसारको रोजगारीको अवसर मिलाई दिने संस्थाहरु हुनु / भएको जस्ता बिषयहरुमा उत्तरदाताहरुको बिचार लिएका थियौ ।


व्यापार/व्यवसाय बारेको जानकारी:उत्तरदाताहरुलाई "व्यापार/ व्यवसाय बारेको जानकारी पाउनु/ पाएको" विषय ६२ प्रतिशतलाई (२१७जना उत्तरदाताहरु) "एकदमै महत्वपूर्ण" लागेको थियो भने ३६ प्रतिशतलाई (१२६ जना उत्तरदाताहरु) "महत्वपूर्ण" लागेको थियो । तर सोही बिषयलाई लिएर सन्तुष्टीको कुरा गर्दा ३७.७ प्रतिशत "एकदमै असन्तुष्ट"(१३२ जना उत्तरदाताहरु) र ५८ प्रतिशत (२०३ जना उत्तरदाताहरु) "असन्तुष्ट" देखिएका थिए ।

Figure 55: महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (व्यापार/व्यवसाय बारेको जानकारी)





ऋणमा पहूँच: "ऋणमा पहूँच हुनु/ भएको" विषय ५९.४ प्रतिशतलाई (२०८ जना उत्तरदाताहरु)"एकदमै महत्वपूर्ण" लागेको थियो भने ३६.४ प्रतिशतलाई (१२९ जना उत्तरदाताहरु)"महत्वपूर्ण"लागेको थियो । तर सोही बिषयलाई लिएर सन्तुष्टीको कुरा गर्दा ४२ प्रतिशत (१४७जना उत्तरदाताहरु)"एकदमै असन्तुष्ट" र ५४.३ प्रतिशत(१९० जना उत्तरदाताहरु) "असन्तुष्ट" र ३.७ प्रतिशत(१३ जना उत्तरदाताहरु)"सन्तुष्ट" देखिएका थिए ।

Figure 56: महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (ऋणमा पहूँच)




<u>ट्रेनिङ/तालिम:</u> "ट्रेनिङ/तालिम दिनु/ दिएको" सम्बन्धमा ६७.७ प्रतिशतलाई (२३७जना उत्तरदाताहरु)"एकदमै महत्वपूर्ण र ३२.३ प्रतिशतलाई (११३ जना उत्तरदाताहरु)"महत्वपूर्ण"लागेको देखिएको थियो । तर सोही बिषयलाई लिएर सन्तुष्टीको कुरा गर्दा ४२.६ प्रतिशत (१४९ जना उत्तरदाताहरु)"एकदमै असन्तुष्ट" र ५३.१ प्रतिशत(१८६ जना उत्तरदाताहरु)"असन्तुष्ट" र ४.३ प्रतिशत(१५ जना उत्तरदाताहरु)"सन्तुष्ट" भेटिएका थिए ।

Figure 57: महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (ट्रेनिङ/तालिम)




<u>प्राविधिक सहयोग:</u>यसै सन्दर्भमा "प्राविधिक सहयोग पाउनु/ पाएको" मा ५४.६ प्रतिशतलाई (१९१ जना उत्तरदाताहरु)"एकदमै महत्वपूर्ण" र ४५.४ प्रतिशतलाई (१५९ जना उत्तरदाताहरु)"महत्वपूर्ण" लागेको देखियो । तर सोही बिषयलाई लिएर सन्तुष्टीको कुरा गर्दा ४२.६ (१४९ जना उत्तरदाताहरु)प्रतिशत "एकदमै असन्तुष्ट" र ५४.३ प्रतिशत (१९० जना उत्तरदाताहरु) "असन्तुष्ट"र ३.१ प्रतिशत(११ जना उत्तरदाताहरु)"सन्तुष्ट" थिए ।


Figure 58: महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (प्राविधिक सहयोग)



**<u>सीप अनुसारको रोजगारीको अबसर मिलाई दिने संस्था:</u>**

**अन्त्यमा “सीप अनुसारको रोजगारीको अवसर मिलाई दिने संस्था हुनु/ भएको” कुरा ८२.९ प्रतिशतलाई (२९० जना उत्तरदाताहरु) “एकदमै महत्वपूर्ण” र १७.१ प्रतिशतलाई (६० जना उत्तरदाताहरु) “महत्वपूर्ण” लागेको थियो । सोही बिषयलाई लिएर सन्तुष्टीको कुरा गर्दा ५८ प्रतिशत (२०३ जना उत्तरदाताहरु) “एकदमै असन्तुष्ट” र ४०.६ प्रतिशत (१४२ जना उत्तरदाताहरु)“असन्तुष्ट” का साथै १.४ प्रतिशत (५ जना उत्तरदाताहरु)चाहि “सन्तुष्ट” देखिएका थिए ।**

Figure 59: महत्वपुर्ण लाग्ने र सो को सन्तुष्टी (सीप अनुसारको रोजगारीको अबसर मिलाई दिने संस्था)




**“महत्वपूर्ण” लाग्ने बिषयहरुमा सबैभन्दा महत्वपूर्ण“सीप अनुसारको रोजगारीको अवसर मिलाई दिने संस्था हुनु/ भएको” बिषय थियो भने, “सन्तुष्टी” को कुरा गर्दा सबैमा असन्तुष्ट भएता पनि “ट्रेनिङ/तालिम दिनु/ दिएको” सम्बन्धमा भने थोरै सन्तुष्ट थिए ।**

Figure 60: महत्वपुर्ण लाग्ने बिषयहरु (समग्र)





Figure 61: महत्वपुर्ण लाग्ने बिषयहरुमा सन्तुष्टी (समग्र)




### ३.८.६ लगानीमैत्री वातावरण बनाई  काम गर्न प्रोत्साहनको लागिं सरकारले गर्नु पर्ने कार्यक्रम

**उत्तरदाताले सरकारले सम्बन्धित कार्यक्रम नीति ल्याएको खण्डमा आफुलाई लगानी गर्न अथवा काम गर्न प्रोत्साहन हुने बारेमा कुरा गरेका थिए । ३१.१ प्रतिशत (१३२जना उत्तरदाताहरु) ले "सरकारले व्यापार व्यवसाय गर्न सस्तो व्याजदरमा ऋण उपलब्ध गराइदिए" धेरै सजिलो हुने कुरा राखेका थिए । २६.९ प्रतिशत (१४जना उत्तरदाताहरु) ले "सीपअनुसारको रोजगारीको व्यवस्था गाँउमै गरिदिओस" भन्ने आस व्यक्त गरेका थिए भने ९.९ प्रतिशत (४२जना उत्तरदाताहरु) ले "प्रविधिक तालिम दिने व्यवस्था गरिदिओस" भन्ने कुरा व्यक्त गरेका थिए । साथै ७.३ प्रतिशत (३१जना उत्तरदाताहरु) ले "बिना धितो ऋण उपलब्ध गराउने",७.१ प्रतिशत (३०जना उत्तरदाताहरु) ले "रोजगारी सिर्जनाका लागि कारखानाहरु गाउँ गाउँमा स्थापना गरियोस", २.८ प्रतिशतले "किसानलाई मेशिन किन्न सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने" र २.७ प्रतिशत (११जना उत्तरदाताहरु) ले "कृषिमा उत्पादन बढाउन सहयोग  पुऱ्याउने" भन्ने कुरा गरेका थिए । त्यसैगरी २.४ प्रतिशत (१०जना उत्तरदाताहरु) ले "निति र नियम कडा बनाउनु पर्ने" र २.१ प्रतिशतले  "यस बारे केहि भन्नु हुदैन" भनेर उत्तर दिएका थिए ।**

**यी बाहेक सरकारसँगका अन्य अपेक्षाहरु पनि थिए । "बजार व्यवस्थापन", "सरकारले मुल्य तोकिदिने","न्यूनतम ज्याला तोकिदिने", "कृषिको नि:शुल्क सामानहरुको व्यवस्था गर्ने", "संस्कृत पाठशाला खोली दिने","कृषिमा कर नलगाउने", "निर्यात बढाउने", "बच्चालाई नि:शुल्क शिक्षा दिने जस्ता कुराहरु उत्तरदाताले भनेका थिए ।**

Figure 62: लगानी गर्न वा काम गर्न प्रोत्साहन गर्न सरकारले गर्नु पर्ने कार्यक्रम



### ३.८.७ थप सुझावहरु


उत्तरदाताहरुलाई अन्त्यमा प्रश्नकर्ताले थप सुझाबहरु प्रदान गर्न आग्रह गरेका थिए । सो सम्बन्धमा ३३.६ प्रतिशतले (१३१जना उत्तरदाताहरु) "बेरोजगार यूवा यूवतिहरुलाई रोजगारीको व्यवस्था गर्नु पर्‍यो" भन्ने सुझाव दिएका थिए । १०.३ प्रतिशतले (४०जना उत्तरदाताहरु) "विदेशबाट सिकेर आएको सीप नेपालमा आफ्नै गाउँमा प्रयोग गर्न पाउने व्यवस्था सरकारले मिलाईदिओस" भन्ने सुझाव दिएका थिए भने ६.७ प्रतिशतले (२६जना उत्तरदाताहरु) "व्यापार व्यवसाय गर्न चाहनेलाई सरकारले सस्तो व्याज दरमा ऋण उपलब्ध गराओस्" भनेका थिए ।

"म्यानपावर कम्पनीहरुले रोजगारीमा जाने मानिसलाई तोकेको तलव एग्रिमेन्ट अनुसार हुने गरोस्" भन्ने ५.४प्रतिशत (२१जना उत्तरदाताहरु) थियो । त्यस्तै गरी "विदेश जानेहरुका लागि प्राविधिक ज्ञानको लागि तालिम दिनु पर्ने" भनेर ५.४ प्रतिशत (२१जना उत्तरदाताहरु) ले नै भनेका थिए । ३.६ प्रतिशतले (१४जना उत्तरदाताहरु) "विदेशबाट घरायसी प्रयोजनको लागि ल्याइएका सामानहरुमा कर नलगाइयोस्" भनेर सुझाव दिएका थिए । अरु ३.६ प्रतिशतले (१४जना उत्तरदाताहरु) नै "विदेशमा काम गर्ने अधिकाशं नेपालीहरु सुरक्षित भई काम गर्ने वातावरण बनाउन सरकार गम्भिर बनोस्" भनेका थिए ।

त्यसै गरी ३.१ प्रतिशतले (१२जना उत्तरदाताहरु) "नेपाली दुतावासको सेवा छिटो र छरीतो बनाउनु पर्‍यो" भनेर सुझाव दिए भने २.६ प्रतिशतले (१०जना उत्तरदाताहरु) "विदेश जानको लागि सरकारले तोकेको मूल्य भन्दा बढी लिने म्यानपावरलाई सरकारले कारवाही गरोस्" भनेर कुरा अगाडि राखेका थिए ।

"यस बारे मलाई केही भन्नु छैन" भन्ने पनि १६.७ प्रतिशत (६५जना उत्तरदाताहरु) थिए।

Figure 63: थप सुझावहरु




## ३.९ नि:शुल्क सीप परिक्षण

### ३.९.१ नि:शुल्क सीप परिक्षण बारे ज्ञान

उत्तरदातालाई बैदेशिक रोजगार बोर्डको सचिवालयद्धारा गराईने` नि:शुल्क सीप परिक्षणको बारेमा सुनेको छ कि छैन भन्ने प्रश्न सोधिएको थियो । सो सन्दर्भमा ९० प्रतिशत (३१६जना उत्तरदाताहरु) ले “नसुनेको” र १० प्रतिशत (३४जना उत्तरदाताहरु) ले “सुनेको” कुरा व्यक्त गरेका थिए ।

Figure 64: नि:शुल्क सीप परिक्षण बारे ज्ञान





### ३.९.२ नि:शुल्क सीप परिक्षण गरेको

नि:शुल्क सीप परिक्षणको बारेमा सुनेका ३४ जना उत्तरदाताहरुलाई उँहाहरुले परिक्षण गर्नु भयो कि भएन भनेर थप प्रश्न गरिएको थियो । ३४ जना उत्तरदाताहरु मध्ये जम्मा २ जनाले मात्र सीप परिक्षण गराएका थिए ।

### ३.९.३ नि:शुल्क सीप परिक्षणनगर्नुका कारणहरु

३४ जना उत्तरदाताहरुलाई सीप परिक्षणको बारेमा थाहा भएता पनि परिक्षण नगरिएकोले उँहाहरुलाई परिक्षण नगर्नुका कारणहरु सोधिएको थियो । ४३ प्रतिशत (१५ जना उत्तरदाताहरु) ले “समय नमिलेर /सीप परिक्षण गर्न जान नभ्याएर”, २८ प्रतिशत (१० जना उत्तरदाताहरु) ले “सो परिक्षणको बारे चासो नभएर”, २० प्रतिशत (७ जना उत्तरदाताहरु) उत्तरदाताले “सो सीप परीक्षण गाउँपालिका सम्म गइनसकेको हुनाले”र ९ प्रतिशत (३ जना उत्तरदाताहरु) ले चाहि “सीप अनुसारको रोजगारीको व्यवस्था नभएर” सो परिक्षण नलिएको भनेका थिए ।

Figure 65: नि:शुल्क सीप परिक्षण नगर्नुका कारणहरु



## निष्कर्ष

वैदेशिक रोजगारीको लागि विदेश जानेको संख्या नेपालमा बढ्दो छ । विभिन्न कारणले गर्दा विदेश जानुपरेको अनुभव रविदेशमा पाएको पारिश्रमिकघर पठाउन पाएको अनुभूतिले गर्दा पनि हरेक वर्ष लाखौ युवाहरु देश छोडेर विदेशमा काम गर्न जान्छन् ।

विप्रेषणको` पारिश्रमिक नै नेपालको अर्थतन्त्रको लागि नेपालको मेरुदण्डको काम गरेको भन्ने विज्ञहरु र धेरै मानिसहरुको धारणा रहेको छ । सो विवरणमा कतिको सत्यता छ र बाहिर बाट पठाइएको पारिश्रमिकउपलब्धि मूलक आर्थिक क्रियाकलापका क्षेत्रमा प्रयोग भएको छ कि छैन भनेर थाहा पाउनको लागि पनि यो अध्ययन गरिएको थियो । ७ जिल्लामा गरिएको यो अध्ययनले विभिन्न जाति, समुदाय शैक्षिक तथा आर्थिक संरचनाका महिला र पुरुष दुबै, विवाहित र अविवाहित गरेर जम्मा ३५० व्यक्तिहरुको छनौट गरिएको थियो । त्यस्ता व्यक्ति सबै वैदेशिक रोजगारीमा गएर घर फर्केका र पुनः वैदेशिक रोजगारीमा नजाने सोच बनाएकाहरुलाई मात्र यो अध्ययनका लागिछनोट गरिएको थियो ।

१) मुख्यतया उत्तरदाताहरु मलेशिया,कतार, साउदी अरब, यू.ए.ई. र कुवेत जस्ता देशमा नै रोजगारीको लागी गएका थिए ।

२) घरको आर्थिक स्थितिलाई सुधार्न नेपालमा काम नपाएकाले, विदेशमा देश भन्दा राम्रा अवसरहरु भएकाले, परिवारको दवावले गर्दा पनि मुख्यतया उत्तरदाताहरु विदेश पलायन भएका थिए । व्यक्तिगत मात्र नभई देशको विग्रदो राजनैतिक स्थितिले गर्दा पनि कुनै उत्तरदाताहरु विदेश गएको भेटिएको थियो ।

३) ती उत्तरदाताहरुले कम्तिमा रु.२५,००० देखि रु.२,००,००० भन्दा बढी रकम तिरेर विदेश गएका थिए । खर्च जुटाउनको लागि उत्तरदाताहरु मध्ये केहीले` ऋण खाजेका थिए भने केहीले परिवारको बचतबाट, जग्गा घर /गरगहना/ गाईवस्तु विकी र पहिल्यैको कमाइबाट खर्च गरेर नै विदेश गएका थिए ।

४) मुख्यतया स्वेच्छाले नै गएका उत्तरदाताहरु एक वर्ष देखि तीन वर्ष भन्दा बढि पनि बसेका देखिन्थे। लेवर-हेल्पर ड्राइभर,ईलेक्ट्रिसियन, क्लीनर र सेक्यूरिटिको काम धेरैजसो उत्तरदाताहरुले गरेका थिए । सो क्षेत्रमा विदेशमा काम गर्ने आशा र माग पनि बढी थियो ।

५) विदेशमा काम गर्दा कमाएको रकम घर पठाउँदा कमाएको सबैजसो भाग नै घर पठाउने गरिएको ।

६) मुख्यतया ३-३ महिनामा पठाइने रकम १०,००० देखि ५०,००० सम्मको दायरामा थियो । आफ्नो पारिश्रमिकको धरै भागनै नेपाल भित्रिने रहेको देखिएको थियो । खास गरी घरमा श्रीमान/श्रीमती र बुवा आमाहरुलाई नै विप्रेशनको रकम पठाइने गरिन्थ्यो । त्यहि सदस्यले नै सो रकम खर्च गर्ने निर्णय लिने गरेका पाइएको थिए ।

७) रकम पठाउनको निमित्त भरपर्दो माध्यमको आवाश्यक्ता पर्छ । अधिकांश उत्तरदाताले मनिट्रान्फर मार्फतपारिश्रमिकघर पठाउने गरेका थिए । विश्वासिलो र भरपर्दो हुनाको साथसाथै, पारिश्रमिकछिटो पाउने भएकाले पनि यो माध्यम रोजेको बताए ।

८) विप्रेशनको रकम घर पठाउँदा पनि समस्याहरु भोग्नु परेको कुरा उत्तरदाताहरुले भनेका थिए । खासगरी पारिश्रमिकपठाउने ठाउँमा भिड हुने देखि सानो रकमलाई पनि बढी सर्भिस चार्ज तिर्नु पर्ने, टाढा भएकोले

समस्या भोग्नु परेको देखिएको थियो । सो माध्यमले समय समयमा जिन्सी उपहारहरु दिए पनि पठाएको पैसा छिटो पाउने अरु ब्रान्चहरु पनि खोल्नु पर्ने जस्तो सुविधाहरु उत्तरदाताहरुले खोजेका थिए ।

९)यो अध्ययनको मुख्य उदेश्यलाई सार्थक बनाउनको लागि विदेशबाट पठाएको पैसाको नेपालमा उपयोग र विदेशमा हुँदा र फर्केपछिको खर्च गरेको क्षेत्रका बीच तुलना` हुन जरुरी थियो । विदेशमा रहँदा हुने मुख्य खर्च र विदेशबाट फर्के पछिका खर्च उस्ता उस्तै नै थिए । मुख्यतया, दुबै परिपेक्षमा घरमा हुने दैनिक खर्च, पढाई, औषधि/उपचार, घर मर्मत, घरका उपभोगका सामान आदिमा खर्च भएको देखिएको थियो । विदेशबाट फर्केपछि खर्च भएका क्षेत्रमा फरक देखिएको चाहि विदेश जाँदा लिईएको ऋण तिर्न, सामाजिक क्रियाकलाप अर्थात विवाह व्रतमन्धको खर्च, जग्गा किन्न र नयाँ घर बनाउन लागेको खर्च बढी थियो । नयाँ जग्गा किनेकाहरुले पनि मुख्यतया आफ्नै गाउँमा जग्गा किनेका थिए ।

१०) विदेश जाँदा सिकेका सीपहरु र गरेका कामहरु पनि निकै महत्वपूर्ण पाटा हुन विभिन्न परिकारका खाना पकाउन सिक्ने, घर, टेवल, झ्यालढोका आदि सफा गर्ने, गाडि चालकको काम, कार्पेन्टर, ईलेक्ट्रिसियन, प्लम्बर, कन्सट्रक्सनको काम जस्ता सीप सिकेर फर्केका उत्तरदाताहरु नेपालमा नै अब केही काम गर्ने वा गरीरहेका थिए ।

११) त्यसमा पनि गरिरहेका काम मध्ये खास गरी नयाँ व्यापार/व्यवसाय सुरुवात, कृषि,मजदुरी, गाडी चालक, अफिसहरुमा काम, घर बनाउने ठेक्का आदिमा गरीसकेका थिए भने नयाँ व्यापार/व्यवसाय शुरु गर्नको लागि चाहि कुखुरा पालन, भएको काममा लगानी बढाउने, होटल व्यवसाय खोल्ने, ड्राइभिङको काम गर्ने, किराना पसल खोल्ने,आदि योजनाहरु थिए ।

१२) उत्तरदाताहरुको नेपालमा फर्केपछि सरकारसँगका अपेक्षाहरु पनि सोधिएको थियो । सस्तो ब्याजदरमा ऋण, सीप अनुसारको रोजगारीको व्यवस्था गाउँमै, प्राविधिक तालिमको व्यवस्था, बिना धितो ऋण उपलब्ध, गाउँ गाउँमा कलकारखानाको स्थापना र कडा नीति नियमको निर्माण , जस्ता कुरामा उत्तरदाताहरुको जोड देखिन्थ्यो ।

१३) व्यपार/व्यावसाय बारे जानकारी पाउनु, प्राविधिक सहयोग पाउनु र सीप अनुसारको रोजगारी अवसर मिलाईदिने संस्था हुनु, निकै आवश्यक भएपनि सोको पहुँच र व्यवस्था नभएकोले आधिकांश उत्तरदाताहरु असन्तुष्ट नै देखिएका थिए ।

१४) साथै सरकारी निकायले लिईरहेका सीप प्रशिक्षणमा पनि उत्तरदाताको पहुँच र सो सम्बन्धित ज्ञान पनि त्यति नभएको देखियो ।

१५) नेपालमा नै बसेर केही गरौ भनेर सोच लिएका व्यक्तिहरुले सरकारलाई महत्वपूर्ण सुझाब पनि दिएका थिए । बेरोजगारको लागि रोजगार, गाउँमै सीपको व्यवस्थापन, व्यापार व्यवसाय शुरु गर्नको निमित्त सस्तो दरमा व्याज, खराब म्यानपावरलाई कडाई, आदिको सुझाब सरकारलाई दिएका थिए ।

१६) यो अध्ययन अनुसार वैदेशिक रोजगारीमा गएर फर्केका व्यक्तिहरुको खर्च विदेशमा बस्दा र फर्केर आउँदा दुवै एउटै खालका क्षेत्र र कुरामा सिमित देखिएका थिए । एउटा मात्र फरक चाहि विदेशमा बस्दा नै विदेश जाँदा लिईएको ऋण धेरै जसोले तिरिसकेको हुनाले नेपाल फर्केपछि सो ऋण तिर्नुपर्नेको संख्या कम थियो ।

१७) नयाँ व्यवसाय व्यापारमा लगानी गरेका र गर्ने सोच भएतापति गरिहालेका जमात धेरै भेटिएका थिएनन् ।

१८) सो संख्यालाई विश्लेषण गर्दा दुईवटा स्थिति हुने सम्भावना देखियो । कि त विदेशबाट फर्केका व्याक्ति सँग फिर्ता ल्याएको पारिश्रमिक, हातमै छ अथवा अब फर्केर आए पछि खासै पैसा बाँकि छैन । फेरि विदेशबाट

आफैसँग धेरै पैसा लिएर फर्केका व्यक्तिहरुको संख्या पनि धेरै कम भएकोले दोस्रो परिपेक्षमा बसेर हेर्नुपर्ने अवस्था देखिन्छ ।तसर्थ, यो अध्ययन अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले विभिन्न सीप  लिएर फर्केका छन् तर नगद रकम बोकेर अथवा बचत त्यति गरेका छैनन् । तर एउटा रोचक कुरा के भेटियो भने विदेशमा बस्दाको खर्च र फर्केपछि भएको खर्च एउटै खालका क्षेत्रमा भएकोले जीवनस्तरमा परिवर्तन र खर्च गर्ने क्षमता बढेको भए पनि समग्रमा हेर्दा आर्थिक स्थितिमा खासै स्तरोन्नति  भएको देखिएको छैन ।